नेपाल दूरसञ्चार प्राधिकरण

वार्षिक प्रतिवेदन

आ.व.२०८२/८३

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा सदस्यहरू



श्री अर्जुन घिमिरे
अध्यक्ष



श्री अनन्त प्रकाश मल्लिक
सदस्य



श्री सुजिता श्रेष्ठ
सदस्य



श्री क्षेत्र गोपाल प्रधान
सदस्य



श्री निलम कुमार ओझा
सदस्य

विषय सूची

कार्यकारी सारांश १
परिच्छेद-१ परिचय ४
१.१. पृष्ठभूमि ४
१.२. नेपाल दूरसञ्चार प्राधिकरणको स्वरूप र प्रकृति ६
१.३. नेपाल दूरसञ्चार प्राधिकरणको काम, कर्तव्य र अधिकार ७
१.४. नेपाल दूरसञ्चार प्राधिकरणको सङ्गठन संरचना र दरबन्दी तेरिज ८
१.५. नागरिक बडापत्र ८
१.६. सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था ८
१.७. सूचनाको हक सम्बन्धी ऐन अनुसार प्रकाशन गरिएको विवरण ११
१.८. भावी योजना र कार्यक्रम ११
परिच्छेद -२ प्रगति १२
२.१. विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण १२
२.२. आ.व २०८२/८३ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १४
२.३. आ.व. २०८२/८३ को मुख्य कार्यक्रम र प्रगति १५
२.४. आ.व. २०८२/८३ मा सम्पादित उल्लेखनीय कार्यहरू १७
२.५. प्राधिकरणसंग सम्बन्धित मुद्दाहरू र जरिवाना तथा कारबाहीहरू ४६
२.६. बेरुजु फछ्यौंट सम्बन्धी विवरणः ४८
२.७. अवसर र चुनौतीहरू ४८
२.८. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरूः ५०
परिच्छेद -३ राजस्व र आय ५१
३.१. आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम ५१
परिच्छेद -४ कर्मचारीको विवरण ५३
४.१. प्राधिकरणमा कार्यरत विद्यमान कर्मचारीहरूको विवरण ५३
परिच्छेद -५ ईन्फोग्राफिक्स तथा तस्वीरहरू ५६
५.१. आ.व. २०८२/८३ मा सम्पादित मुख्य कार्यहरू झल्किने तस्वीरहरू ५६
५.२. दूरसञ्चार सेवाको विगत ५ वर्षको जानकारीमूलक चार्ट, ग्राफ र वृतचित्रहरू ५९
अनुसूचीहरू ६३
अनुसूची-१: नेपालमा दूरसञ्चार क्षेत्रको विकासक्रम ६४
अनुसूची-२: नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृत संगठन तालिका र सांगठनिक संरचना ६६
अनुसूची-३: नेपाल दूरसञ्चार प्राधिकरणको आ.व. २०८२/८३ को वासलात र आयव्यय विवरण (अपरिष्कृत) ६८
अनुसूची-४: नेपाल दूरसञ्चार प्राधिकरण विरुद्ध आ.व. २०८२/८३ सम्ममा अदालतमा विचाराधिन मुद्दाहरुको विवरण ७०
अनुसूची-५: नेपाल दूरसञ्चार प्राधिकरण विरुद्ध अदालतमा परेका मुद्दाहरुको आ.व. २०८२/८३ मा फैसलाको विवरण ७९

कार्यकारी सारांश

दूरसञ्चार क्षेत्रको नियामक निकायको रूपमा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना वि.सं. २०५४ फागुन २० गते भएको हो। स्थापनाकाल देखि नै राज्यको उदारीकरण नीतिलाई अवलम्बन गर्दै दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन, दूरसञ्चार सेवामा निजी क्षेत्रलाई समेत संलग्न गराउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गराउने भुमिकामा प्राधिकरण क्रियाशिल रहँदै आएको छ।

प्राधिकरणको स्थापना पश्चात् निजी क्षेत्रलाई समेत दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र जारी भएको र निजी क्षेत्रको समेत लगानीले यस क्षेत्रलाई थप प्रतिस्पर्धी बनाई उपभोक्ताले सरल र सहजरूपमा गुणस्तरीय दूरसञ्चार सेवा उपयोग गर्न पाउने वातावरण सिर्जना भएको छ। विकसित देशहरुमा रोजगारी सिर्जना र आर्थिक सामाजिक विकासका विभिन्न क्षेत्रहरुमा नविनतम दूरसञ्चार प्रविधिको प्रयोग समेत बढिरहेको सन्दर्भमा नेपालमा पनि डिजिटल रुपान्तरण मार्फत कृषि, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको समेत उत्पादकत्व बढ्न गई आगामी वर्षहरुमा देशको आर्थिक एवं सामाजिक रुपान्तरणमा सहयोग पुग्ने विश्वास प्राधिकरणले लिएको छ। डिजिटल रुपान्तरण मार्फत विश्व डिजिटल इकोनोमी निर्माणमा केन्द्रित रहेको सन्दर्भमा नयाँ प्रविधिको विकासले नयाँ अवसरको अलावा चुनौतीहरु समेत बढ्दै गइरहेको परिवर्तित सन्दर्भमा प्राधिकरणको भुमिका थप महत्वपूर्ण हुदै गईरहेको छ। तसर्थ, सार्वजनिक तथा निजी क्षेत्र समेतको सहभागितामा देशको सामाजिक तथा आर्थिक विकासमा सघाउ पुऱ्याउन देशभर गुणस्तरीय दूरसञ्चार सेवाको प्रतिस्पर्धी वातावरण निर्माण गर्दै, वर्तमानमा दूरसञ्चार क्षेत्रमा हासिल भएका उपलब्धिहरूको उच्चतम सदुपयोग गर्दै, भविष्यमा दूरसञ्चार क्षेत्रमा सिर्जना हुने सम्भावना र अवसरहरुलाई आम उपभोक्ताको समुन्नती र हितमा उपयोग गर्ने वातावरण सिर्जनाको साथ अगाडी बढ्ने लक्ष्य एवं रणनीति प्राधिकरणले अवलम्बन गरेको छ।

दूरसञ्चार सेवालाई भरपर्दो, सुरक्षित, दिगो एवं पहुँचयोग्य बनाउदै लैजानको लागि आधुनिक सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र संचालन निजी क्षेत्रको सहभागितामा थप प्रभावकारी बनाउनु, नेपाल सरकारले जारी गरेको डिजिटल नेपाल फ्रेमवर्कको लागि डिजिटल पूर्वाधार निर्माण गर्नु, दूरसञ्चार पूर्वाधारको विकास र विस्तार गर्दै सहप्रयोगको लागि आवश्यक वातावरण बनाउनु, दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउनु, दूरसञ्चार सेवा प्रदायकहरु बीच स्वस्थ प्रतिस्पर्धा कायम गराउनु, भरपर्दो र सर्वसुलभ दूरसञ्चार सेवाको प्रत्याभूति गर्नु, दूरसञ्चार क्षेत्रमा बहुसेवा प्रदायकहरु मार्फत उपभोक्ताको छनौटको अधिकारलाई सुनिश्चित गर्नु, दूरसञ्चार सेवाको विकाससँगै यसबाट आउन सक्ने नेटवर्क एवं डाटा सुरक्षाको समस्यालाई समाधान गर्नु प्रमुख चुनौतिको रुपमा देखिएको छ । सञ्चार प्रविधिको प्रयोगले गर्दा शहरी तथा ग्रामीण क्षेत्रका जनतामा उद्यमशीलता विकास हुनु, रोजगारीका अवसर सिर्जना भई जीवनस्तर वृद्धि हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढ्दै जाँदा नागरिकको जीवनस्तरमा सुधार हुनु यस क्षेत्रका

अवसरहरु हुन्। नेपालको आफ्नै भू-उपग्रह स्थापित गरी व्यवसायिक तथा आफ्नै सुरक्षित साइबर स्पेश तयार गरी कार्य गर्ने नीतिलाई अवसरको रुपमा हेरिएको छ ।

यसै सन्दर्भमा दूरसञ्चार क्षेत्रको दिगो एवं समष्टिगत विकास र विस्तारलाई मुख्य लक्ष्य राखी सन्तुलित नियमनको अवधारणा अंगिकार गरी प्राधिकरणले आफ्नो कार्य गर्दै आईरहेको छ। प्रस्तुत सन्दर्भमा आ.व. २०८२/८३ मा प्राधिकरणबाट भएका प्रमुख कार्यहरु, उपलब्धिहरू र बजारको अवस्था निम्नानुसार रहेका छन्:

१. आ.व. २०८२/८३ मा जनसंख्याको आधारमा भ्वाइस टेलिफोन सेवाको घनत्व १०४.१६ प्रतिशत पुगेको छ भने ब्रोडव्याण्ड सेवाको घनत्व १४८.६४ प्रतिशत रहेको छ जसमध्ये फिक्स्ड ब्रोडव्याण्ड सेवाको घनत्व ५३.५५ प्रतिशत, 3G को घनत्व २.५७ प्रतिशत र 4G को घनत्व ९२.५२ प्रतिशत गरी मोबाइल ब्रोडव्याण्डको कूल घनत्व ९५.०९ प्रतिशत पुगेको छ।

२. दूरसञ्चार सेवाको बजारको हिस्सालाई राजस्व (Revenue) को आधारमा हेर्दा आ.व. २०७७/७८ मा भ्वाइस सेवाको बजार हिस्सा ८२.१६ प्रतिशत र इन्टरनेट (नेटवर्क सेवा प्रदायक समेत) सेवा प्रदायकको बजार हिस्सा १७.८४ प्रतिशत रहेकोमा यस आ.व.मा प्राप्त आ.व. २०८१/८२ को विवरण अनुसार भ्वाइस सेवाको बजार हिस्सा ७३.७९ प्रतिशत र इन्टरनेट (नेटवर्क सेवा प्रदायक समेत) सेवा प्रदायकको बजार हिस्सा २६.२१ प्रतिशत पुगेको छ ।

३. दूरसञ्चार सेवाको बजारको हिस्सालाई प्रमुख सेवा प्रदायकको राजस्व (Revenue) को आधारमा हेर्दा आ.व. २०७७/७८ मा भ्वाइस सेवाको राजश्वमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ४६.८७ प्रतिशत र एनसेल आजियटा लिमिटेडको ५३.१२ प्रतिशत बजार हिस्सा रहेकोमा यस आ.व.मा प्राप्त आ.व. २०८१/८२ को विवरण अनुसार भ्वाइस सेवाको राजश्वमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ५०.८१ प्रतिशत र एनसेल आजियटा लिमिटेडको ४९.१९ प्रतिशत बजार हिस्सा रहेको छ।

४. आ.व. २०८२/८३ मा इन्टरनेट (इमेल सहित) सेवा सञ्चालनको लागि एक वटा र आधारभूत दूरसञ्चार सेवाको एक गरी दुई वटा नयाँ अनुमतिपत्र जारी गरिएको छ। यस आ.व. मा विभिन्न सेवाका १५ वटा (इन्टर्नेट इमेल सहित- ८, नेटवर्क सेवा- २, ग्रामीण इन्टरनेट सेवा प्रदायक- १, भिस्याट प्रयोगकर्ताको अनुमतिपत्र- २, आधारभूत दूरसञ्चार सेवा- १ र ग्रामीण भिस्याट प्रयोगकर्ता- १) अनुमतिपत्र खारेज गरिएको छ भने कूल ११ वटा (नेटवर्क सेवा- १, इन्टरनेट (इमेल सहित)- ९, भिस्याट प्रयोगकर्ता- १) अनुमतिपत्र नवीकरण गरिएको छ।

५. दूरसञ्चार सेवाको गुणस्तर कायम गर्ने सम्बन्धमा दूरसञ्चार सेवा गुणस्तर सम्बन्धी विनियमावली, २०७९ अनुरूप देशका विभिन्न स्थानहरूमा Drive Test सम्पन्न गरी प्रतिवेदन प्राप्त गरिएको छ।

६. दूरसञ्चार उपकरणहरूको स्तरीकरण तथा गुणस्तर व्यवस्थापन सम्बन्धमा Type Approval को प्रमाणपत्रहरु जारी गरिएको छ।

७. प्राधिकरणबाट दूरसञ्चार सेवा संचालनको लागि अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले अनुमतिपत्रका शर्तहरु बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा आ.व. २०८२/८३ मा २९ वटा इन्टरनेट सेवा प्रदायक, तीनवटा नेटवर्क सेवा प्रदायक र एक भिस्याट सेवा प्रयोगकर्ता गरी कूल ३३ वटा अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु तथा उजुरीका आधारमा पाँचवटा सेवा प्रदायकहरुको अनुगमन गरी नियमानुसार कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

८. आ.व. २०८२/८३ मा दूरसञ्चार सेवाको लागि आवश्यक उपकरण आयात वापतको भुक्तानीका लागि अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूलाई रु.४ अर्ब ८६ करोड २९ लाख ५६ हजार ३४ रुपैयाँ ३९ पैसा र व्याण्डविथ भुक्तानी वापत रु.४ अर्ब १४ करोड १० हजार ५७६ रुपैयाँ २६ पैसा गरी जम्मा रु.९ अर्ब २९ लाख ६६ हजार ६ सय १० रुपैयाँ ६५ पैसा बराबरको विदेशी मुद्रा भुक्तानीका लागि सिफारिस गरिएको छ।

९. आ.व. २०८२/८३ मा दूरसञ्चार सेवासँग सम्बन्धित गुनासोहरुमध्ये इन्टरनेट सेवाको समस्यासँग सम्बन्धित गुनासोको संख्या ३३९ रहेको छ भने भ्वाइस सेवाको समस्यासँग सम्बन्धित गुनासोको संख्या ९६ रहेको छ। उक्त गुनासोहरु सम्वन्धित सेवा प्रदायकहरुसँग समन्वय गरी तोकिएको समय सिमाभित्र समाधान गरिएको छ।

१०. ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने महामार्गमा ब्याकबोन नेटवर्क निर्माण गर्ने कार्य अन्तर्गत हालसम्म २२४८.४४ कि.मि. अप्टिकल फाइबर विछ्याउने कार्य सम्पन्न भएको छ। यस कार्यमा आ.व. २०८२/८३ मा २२०.९९४ कि.मि. थप अप्टिकल फाइबर विस्तार गर्ने कार्य सम्पन्न भएको छ।

११. आ.व. २०८२/८३ मा दूरसञ्चार सेवा प्रदायकहरुबाट आ.व. २०८१/८२ को वार्षिक आयको ४ प्रतिशतले हुने रोयल्टी रकम वापत रु.३ अर्ब १७ करोड ६१ लाख ८५ हजार ५३३ रुपैयाँ ७ पैसा नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ।

१२. आ.व. २०८२/८३ मा दूरसञ्चार सेवा प्रदायकहरुवाट आ.व. २०८१/८२ को वार्षिक आयको २ प्रतिशतले हुने ग्रामीण दूरसञ्चार विकास कोष रकम वापत रु.१ अर्ब ६८ करोड ५ लाख २४ हजार ५६४ रुपैयाँ ३९ पैसा ग्रामीण दूरसञ्चार विकास कोषमा दाखिला भएको छ।

१३. दूरसञ्चार सेवामा प्रयोग हुने फ्रिक्वेन्सीहरू प्रयोग गरे वापत विभिन्न सेवा प्रदायकहरूबाट आ.व. २०८२/८३ मा रु.३ अर्ब ९१ करोड ८२ लाख ८० हजार ५०० रुपैयाँ नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ।

परिच्छेद-१ परिचय

१.१. पृष्ठभूमि

दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन तथा यस्तो सेवालाई नियमित र व्यवस्थित गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना वि.सं. २०५४ फागुन २० गते भएको हो। नेपाल सरकारले अवलम्बन गरेको उदारिकरणको नीति अनुरुप दूरसञ्चार सेवाको पहुँच राष्ट्रव्यापी रुपमा पुऱ्याउने उद्देश्यले दूरसञ्चार सेवाको विकास, विस्तार तथा दूरसञ्चार सेवालाई सर्वसुलभ, गुणस्तरीय एवं प्रभावकारी बनाउन कार्य गर्दै आएको छ। यसको लागि नेपाल सरकार, नेपाल दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवा प्रदायकहरु तथा यस क्षेत्रसंग सम्बन्धित सरोकारवाला निकाय तथा व्यक्तिहरूको सामुहिक प्रयासमा सम्पूर्ण नागरिकमा दूरसञ्चार सेवाको पहुँचको सुनिश्चित गरिनुपर्दछ भन्ने मूल अभिप्रायले आधारभूत, सुरक्षित एवं दिगो ब्रोडव्याण्ड नेटवर्कको विकास र विस्तारलाई उच्च प्राथमिकतामा राखी ग्रामीण दूरसञ्चार विकास कोष समेतको परिचालन भएको छ।

नेपालमा विद्यमान डिजिटल डिभाइड कम गर्न प्रत्येक नागरिकमा इन्टरनेट र मोबाइल फोनको पहुँच पुऱ्याउन र डिजिटल साक्षरता अभिवृद्धि गर्न नेपाल दूरसञ्चार प्राधिकरणले विभिन्न कार्यक्रमहरु समेत संचालन गर्दै आईरहेको छ। विश्वव्यापी रूपमा डिजिटाईजेसन र डिजिटल रूपान्तरणको गति तिव्र रूपमा अगाडी बढीरहेको सन्दर्भमा नेपालमा समेत वस्तु तथा सेवाहरूको कारोबार, सार्वजनिक सेवा प्रवाह लगायतका क्रियाकलापहरूको माध्यम डिजिटल हुदैं गईरहेको सन्दर्भमा भरपर्दो डिजिटल कनेक्टिभिटीको महत्व बढेको छ। यसका साथै प्राकृतिक विपत्ति तथा महामारीको समयमा पूर्वतयारी, प्रतिकार्य र पूनः स्थापनाका लागि समेत दूरसञ्चार सेवाको भूमिका अहम् रहेको हुँदा यसतर्फ समेत समन्वयात्मक ढंगले कार्य अगाढी बढिरहेको छ।

सूचना प्रविधिको विकासक्रमसँगै यसबाट सिर्जित बहुआयामिक अवसरहरुले देशभित्र र बाहिर समेत रोजगारीको अवसर बढ्न गई देशको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभावको फलस्वरूप राष्ट्रिय अर्थतन्त्र थप क्रियाशील हुन गएको र राजस्व वृद्धिमा समेत योगदान पुगेको छ। सार्वजनिक सेवा प्रवाह प्रक्रिया थप सहज, सुलभ र पारदर्शी बन्न पुगेको छ भने टेलिमेडिसिन, ई-लर्निङ, ई-कमर्स लगायतका सेवाहरूमा भएको विकास र विस्तारले दुर्गम तथा विकट स्थानमा बसोबास गर्ने आमनागरिकहरूले समेत स्वास्थ्य, शिक्षा जस्ता आधारभूत क्षेत्रमा सामाजिक तथा आर्थिक लाभहरू प्राप्त गर्ने अवसर सृजना भएको छ।

ग्रामीण तथा उच्चपहाडी क्षेत्रहरूमा भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवाको पहुँच विस्तार गरी समग्र दूरसञ्चार सेवाको पहुँचलाई अर्थपूर्ण उपयोग गरी यसलाई उत्पादन र उत्पादकत्वसंग जोड्नुपर्ने

आवश्यकता रहेको छ। साथै, Over the Top (OTT) सेवाको विकास र विस्तार तथा यसले भ्वाईस सेवा प्रदायकको आम्दानीमा पारेको असर, Revenue Shifting लगायतलाई विचार गर्दै समान प्रकारका सेवा प्रदायक बीच समान Level Playing Field कायम गर्नुपर्ने आवश्यकता रहेको छ।

प्रविधिको विकास र विस्तारसंगै प्रविधिको दुरूपयोगबाट साइबर अपराध लगायत विभिन्न किसिमका अपराधिक क्रियाकलापहरू दिनानुदिन बढ्दै गएका छन्। यस्ता आपराधिक क्रियाकलापहरु हुन नदिन एवं आमनागरिकलाई सचेत गराउन डिजिटल साक्षरता अभियानलाई प्राथमिकता दिई प्राधिकरण तथा कानून कार्यान्वयन गर्ने सरोकारवालाहरुको समन्वय र सहकार्यमा नेपाल सरकारबाट राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी भईसकेको छ।

प्राधिकरण स्थापनाको २८ वर्ष पुरा भईसकेको अवस्थासम्म आइपुग्दा नेपाल दूरसञ्चार प्राधिकरणले नेपालको दूरसञ्चार क्षेत्रको विकास, विस्तार, सञ्चालन र प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। आ.व. २०८२/८३ को आषाढ मसान्तसम्म २३ वटा नेटवर्क सेवा प्रदायक, दुईवटा जिएसएम सेलुलर मोवाइल, एकवटा आधारभुत दूरसञ्चार सेवा, एकवटा आधारभुत टेलिफोन सेवा, नौवटा भिस्याट प्रयोगकर्ता, १०९ वटा ग्रामीण भिस्याट प्रयोगकर्ता, १०० वटा इन्टरनेट (ईमेल सहित) सेवा प्रदायक, एक ग्रामीण इन्टरनेट सेवा प्रदायक, दुईवटा GMPCS र एक इन्टरनेशनल ट्रंक टेलिफोन सेवा संचालनको लागि प्रदान गरिएका अनुमतिपत्रहरु वहाल रही दूरसञ्चार सेवा प्रदान भइरहेको छ।[१] आ.व. २०७८/७९ को अन्त्यसम्म कूल जनसंख्याको १४४ प्रतिशत जनसंख्यामा टेलिफोन सेवाको पहुँच रहेको र १३२ प्रतिशत जनसंख्यामा ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच रहेकोमा आ.व. २०८२/८३ को अन्त्यसम्म आइपुग्दा कूल जनसंख्याको १०४.१६ प्रतिशतमा टेलिफोन सेवाको पहुँच पुगेको छ भने १४८.६४ प्रतिशत जनसंख्यामा ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच पुगेको छ[२]। भ्वाइस सेवा अन्तर्गत २०७८ असार मसान्तसम्म कुल जनसंख्याको २.७७ प्रतिशत जनसंख्यामा फिक्स्ड टेलिफोन सेवाको पहुँच, १४०.९७ प्रतिशत जनसंख्यामा मोवाइल सेवाको पहुँच र ०.०१ प्रतिशत जनसंख्यामा अन्य सेवा (GMPCS) को पहुँच रहेकोमा २०८३ असार मसान्तसम्म कुल जनसंख्याको १.५६ प्रतिशत जनसंख्यामा फिक्स्ड टेलिफोन सेवाको पहुँच, १०२.७० प्रतिशत जनसंख्यामा मोवाइल सेवाको पहुँच र ०.००४ प्रतिशत जनसंख्यामा अन्य (GMPCS) सेवाको पहुँच पुगेको छ। त्यसै गरी ब्रोडव्याण्ड सेवा अन्तर्गत २०७८ असार मसान्तसम्म कुल जनसंख्याको २६.०९ प्रतिशत जनसंख्यामा फिक्स्ड ब्रोडव्याण्ड (वायर्ड) सेवाको पहुँच, ०.७० प्रतिशत जनसंख्यामा फिक्स्ड ब्रोडव्याण्ड (वायरलेस) सेवाको पहुँच र ७६.०३ प्रतिशत जनसंख्यामा मोवाइल ब्रोडव्याण्ड सेवाको पहुँच रहेकोमा २०८३ असार मसान्तसम्म कुल जनसंख्याको ५३.०९ प्रतिशत जनसंख्यामा फिक्स्ड ब्रोडव्याण्ड (वायर्ड) सेवाको पहुँच, ०.४६ प्रतिशत जनसंख्यामा फिक्स्ड ब्रोडव्याण्ड (वायरलेस) सेवाको पहुँच र ९५.०९ प्रतिशत जनसंख्यामा

[१] https://www.nta.gov.np/license

[२] https://www.nta.gov.np/uploads/contents/MIS%20_Ashadh%202083.pdf

मोवाइल ब्रोडव्याण्ड सेवा गरी कुल १४८.६४ प्रतिशत जनसंख्यामा ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच पुगेको छ। मोवाइल ब्रोडव्याण्ड सेवा अन्तर्गत २०८३ असार मसान्तसम्म कुल जनसंख्याको २.५७ प्रतिशत जनसंख्यामा 3G र ९२.५२ प्रतिशत जनसंख्यामा 4G सेवाको पहुँच पुगेको छ।

दूरसञ्चार ऐन, २०५३ को दफा ५५ मा प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल सरकार समक्ष आफ्नो आयव्ययको विवरण सहित सो वर्षभरिमा गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने र पेश भएको वार्षिक प्रतिवेदन प्राधिकरणले सर्वसाधारणको जानकारीका लागि समेत प्रकाशन गर्नुपर्ने व्यवस्था रहे बमोजिम प्राधिकरणको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

१.२. नेपाल दूरसञ्चार प्राधिकरणको स्वरूप र प्रकृति

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नुका साथै दूरसञ्चार क्षेत्रलाई थप व्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ बमोजिम अविछिन्न उत्तराधिकारवाला स्वशासित एवं दूरसञ्चार क्षेत्रको नियामक निकायको रुपमा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको हो।

दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) बमोजिम प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनी क्षेत्रका दूरसञ्चार नियमावलीमा तोकिए बमोजिम योग्यता र अनुभव भएका अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने व्यवस्था रहेको छ प्राधिकरणका वर्तमान अध्यक्ष तथा सदस्यहरूको नामावली निम्नानुसार रहेको छ।

नाम	पद
श्री अर्जुन घिमिरे	अध्यक्ष
श्री अनन्त प्रकाश मल्लिक	सदस्य
श्री सुजिता श्रेष्ठ	सदस्य
श्री क्षेत्र गोपाल प्रधान	सदस्य
श्री निलम कुमार ओझा	सदस्य

नोटः प्राधिकरणमा अध्यक्ष, श्री भुपेन्द्र भण्डारी तथा सदस्यहरू, श्री रबिन्द्र झा, श्री गोकर्ण प्रसाद सिटौला, श्री कृष्ण प्रसाद पोखेल र श्री नवराज अधिकारी मिति २०८३/०१/१९ सम्म बहाल रहनु भएको थियो।

१.३. नेपाल दूरसञ्चार प्राधिकरणको काम, कर्तव्य र अधिकार

दूरसञ्चार ऐन, २०५३ को दफा १३ बमोजिम प्राधिकरणको काम र कर्तव्य देहाय बमोजिम तोकिएको छ।

क. दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

ख. दूरसञ्चार सेवा तथा सुविधा सर्वसुलभ र भरपर्दो बनाउने।

ग. आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने।

घ. दूरसञ्चार सेवा सञ्चालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरूलाई सहभागी बनाउने।

ङ. दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरू बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने।

च. दूरसञ्चार सेवा र दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरणहरूको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने ।

छ. दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने।

ज. दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र दिने।

झ. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए वापत लिने शुल्क स्वीकृत र नियमित गर्ने।

ञ. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरूप फ्रिक्वेन्सी सम्बन्धी काम गर्ने।

ट. दूरसञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने।

ठ. दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने।

ड. उपभोक्ताहरूको हक हितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने।

ढ. दूरसञ्चारका सम्बन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रूपमा विकास गर्ने, गराउने।

ण. दूरसञ्चार सेवाको विकास र प्रवर्द्धनका लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने।

उपर्युक्त कार्यसम्पादन गर्न दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले प्राधिकरणलाई देहाय बमोजिमको अधिकार प्रदान गरेको छ।

क. दूरसञ्चार सम्बन्धी यन्त्र, उपकरण तथा सुविधाहरूको गुणस्तर निर्धारण गर्ने।

ख. अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।

ग. दूरसञ्चार सेवा प्रदायकहरू बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने।

घ. दूरसञ्चार सेवाको निरीक्षण र जाँचबुझ गर्ने।

ङ. अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं ऐन बमोजिम कार्य नगरेमा सेवा प्रदायकहरूलाई दण्ड जरिवाना गर्ने।
च. सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिस गर्ने।
छ. क्षतिपूर्ति निर्धारण गर्ने।
ज. सेवा प्रदायकलाई अरूको घर जग्गा उपयोग वा प्राप्तिका लागि आवश्यकतानुसार नेपाल सरकारलाई सिफारिस गर्ने।
झ. महशुल दर र अन्तरआबद्धता सम्बन्धमा निर्देशिका बनाई लागू गर्ने।
ञ. प्राधिकरणलाई आवश्यक पर्ने विनियम बनाउने।
ट. ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दस्तुर निर्धारण गर्ने।

१.४. नेपाल दूरसञ्चार प्राधिकरणको सङ्गठन संरचना र दरबन्दी तेरिज

दूरसञ्चार ऐन, २०५३ को दफा १२ मा रहेको व्यवस्था बमोजिम प्राधिकरणको कार्य सञ्चालन गर्नको लागि प्राधिकरणमा आवश्यक संख्यामा कर्मचारीहरू रहने व्यवस्था गरिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणको हालको सङ्गठन संरचना र दरबन्दी तेरिज अनुसूची- २ मा उल्लेख गरिएको छ।

१.५. नागरिक बडापत्र

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्ने व्यवस्था बमोजिम प्राधिकरणले सेवाग्राहीको सहजताका लागि नागरिक बडापत्रको व्यवस्था गरेको छ।

१.६. सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

दूरसञ्चार क्षेत्रको नियमनकारी निकायको रुपमा दूरसञ्चार ऐन, २०५३ बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणसँग सम्बन्धित ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाहरुको सूची निम्नानुसार रहेको छ।

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित ऐनहरू
१. दूरसञ्चार ऐन, २०५३ २. उपभोक्ता संरक्षण ऐन, २०७५

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित नियमावलीहरू
१. दूरसञ्चार नियमावली, २०५४ २. दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ ३. उपभोक्ता संरक्षण नियमावली, २०७६ ४. अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९

नीति
१. दूरसञ्चार नीति, २०६० २. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ३. भू-उपग्रह नीति, २०७७ ४. रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० ५. राष्ट्रिय साईबर सुरक्षा नीति, २०८० ६. सूचना प्रविधि प्रयोग सम्बन्धी नीति, २०८० ७. राष्ट्रिय आर्टिफिसियल इन्टिलिजेन्स नीति, २०८२

फ्रेमवर्क
डिजिटल नेपाल फ्रेमवर्क, २०७६

प्राधिकरणसँग सम्बन्धित विनियमावलीहरू
१. सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४ २. नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ ३. नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली, २०६८ ४. नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ ५. नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली, २०६८ ६. नेपाल दूरसञ्चार प्राधिकरण (कार्य सम्पादन) विनियमावली, २०७६ ७. दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९ ८. नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरुको (सेवाका शर्त सम्बन्धी) विनियमावली, २०७६ ९. नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ १०. मोबाइल डिभाइस व्यवस्थापन प्रणाली विनिमावली, २०७५ ११. वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५ १२. दूरसञ्चार टावर निर्माण तथा संचालन सम्बन्धी विनियमावली, २०७६ १३. नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद विक्री) विनियमावली, २०७६ १४. दूरसञ्चार उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६

१५. मोबाइल टावरवाट सिर्जित विद्युतीय चुम्वकीय विकिरण (इ.एम.आर) वाट सर्वसाधारण तथा कामदारको सुरक्षा सम्बन्धी विनियमावली, २०७६
१६. नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७७
१७. साइबर सुरक्षा विनियमावली, २०७७
१८. दूरसञ्चार सेवा प्रदायकले संकलन गरेको ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली, २०७७
१९. दूरसञ्चारका पूर्वाधार सह-प्रयोग र सो को शुल्क निर्धारण सम्बन्धी विनियमावली २०७८
२०. विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value-Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८०

कार्यविधि, मापदण्ड तथा मार्गदर्शन

१. सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५
२. सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५
३. दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०
४. ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुऱ्याउने सम्बन्धी कार्यविधि, २०७८
५. दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७
६. प्राधिकरणको सेवा संचालन मार्गदर्शन, २०७७
७. प्राधिकरणको खर्च मितव्ययिता सम्बन्धी मार्गदर्शन (कार्यविधि), २०७७
८. उपभोक्ता सचेतना, गोष्ठी/अन्तरक्रिया कार्यक्रम संचालन कार्यविधि, २०७९
९. नेपाल दूरसञ्चार प्राधिकरणको सरूवा तथा पदस्थापन सम्बन्धी मापदण्ड, २०७९
१०. स्वचालित विद्युतीय कार्यालय व्यवस्थापन प्रणाली संचालन कार्यविधि, २०८०
११. भिडियो कन्फरेन्सीङ्ग सेवा सञ्चालन सम्बन्धी विशेष निर्देशिका
१२. प्रि-पेड कलिङ्ग कार्ड (Prepaid Calling Card) सेवा संचालन सम्बन्धी विशेष निर्देशिका, २०६९
१३. दूरसञ्चारका पूर्वाधार सहप्रयोग सम्बन्धी निर्देशिका, २०७३
१४. अनलाईन बालसुरक्षा निर्देशिका, २०७६
१५. अन्तरआवद्दता सम्बन्धी निर्देशिका, २०७६
१६. दूरसञ्चार सेवाहरूको लागि शुल्क स्वीकृति सम्बन्धी निर्देशिका, २०७२
१७. दूरसञ्चारका अन्य अतिरिक्त सेवा संचालन गर्ने सम्बन्धमा सामान्य निर्देशिका, २०७९
१८. नेटवर्क सेवाको विशेष निर्देशिका, २०७९
१९. भिस्याट सेवा प्रयोगकर्ताको लागि विशेष निर्देशिका, २०७९
२०. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणको लागि बढाबढ सम्बन्धी कार्यविधी, २०८२

१.७. सूचनाको हक सम्बन्धी ऐन अनुसार प्रकाशन गरिएको विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम प्रत्येक ३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम प्राधिकरणले प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्दै आएको छ। आ.व. २०८२/८३ को चौथो त्रैमासिकसम्मको विवरण प्राधिकरणको वेवसाइट (https://nta.gov.np/righttoinfo) मा प्रकाशन भइसकेको छ।

१.८. भावी योजना र कार्यक्रम

नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को परिच्छेद - ३ को विनियम १३ को व्यवस्था अनुसार दूरसञ्चार क्षेत्रमा भएको विकास, सरकारी नीति तथा बजारको प्रतिस्पर्धालाई समेत विचार गरी आगामी पाँच वर्षका लागि दीर्घकालिन योजना बनाउन, प्राधिकरणको लक्ष्य, उद्देश्य, प्राथमिकता, रणनीति, कार्यनीतिलाई पूर्वानुमानयोग्य बनाई सोही अनुरुप प्राधिकरणलाई अगाडी बढाउन आगामी पाँच वर्षभित्र सम्पादन गर्नुपर्ने क्रियाकलाप समेतलाई आधार बनाएर प्राधिकरणको पाँच वर्षे दीर्घकालिन योजना तयार गरी सोही बमोजिम प्राधिकरण सञ्चालन हुने भावी योजना रहेको छ। प्राधिकरणले दूरसञ्चार ऐन, २०५३ तथा दूरसञ्चार नियमावली, २०५४ बमोजिम आफ्नो वार्षिक कार्यक्रमहरु तयार गरी कार्यसम्पादन गर्दै आएको छ।

परिच्छेद - २ प्रगति


२.१. विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

आ.व. २०७८/७९ मा प्राधिकरण कोष तर्फको आम्दानी रू. ४ अर्ब ७५ करोड २० लाख रहेकोमा आ.व. २०८१/८२ को तुलनामा २.६८ प्रतिशतले आम्दानी वृद्धि हुन गई आ.व. २०८२/८३ मा रू.४ अर्ब ३० करोड ३६ लाख रहेको छ। ग्रामीण दूरसञ्चार विकास कोषतर्फ आ.व. २०७८/७९ मा रू.२ अर्ब १९ करोड ६२ लाख रहेकोमा आ.व. २०८१/८२ को तुलनामा १५.६७ प्रतिशतले आम्दानी न्यून हुन गई आ.व. २०८२/८३ मा रू.२ अर्ब ६३ करोड ८१ लाख रहेको छ। आ.व. २०८१/८२ मा विगत आ.व. हरूको ग्रामीण दूरसञ्चार विकास कोष वापतको रकम समेत असुली भई कोष दाखिला रकम बढेको र यस अवधीमा बैंकहरूमा निक्षेपको व्याजदरमा आएको गिरावट समेतले गर्दा ग्रामीण दूरसञ्चार कोषतर्फको आम्दानी घट्न गएको देखिन्छ।

आ.व. २०७८/७९ मा प्राधिकरण कोष अन्तर्गत चालू खर्च तर्फ रू.१ अर्ब १० करोड ८६ लाख र रू.१ अर्ब ८१ करोड ८७ लाख पूँजीगत खर्च गरी कूल खर्च रू.२ अर्ब ९२ करोड ७३ लाख रहेकोमा आ.व. २०८२/८३ मा चालू खर्च तर्फ रू.२२ करोड ९५ लाख र रू.७ लाख पूँजीगत खर्च गरी कूल खर्च रु.२३ करोड २ लाख रहेको छ भने ग्रामीण दूरसञ्चार विकास कोषतर्फ आ.व. २०७८/७९ मा रू.३ अर्ब ४५ करोड २ लाख कूल खर्च रहेकोमा आ.व. २०८२/८३ मा कूल खर्च रू.२१ करोड रहेको छ।

प्राधिकरणको विगत ५ आर्थिक वर्षको आम्दानी र खर्च सम्बन्धी विवरण (रु. लाखमा)


विवरण	आर्थिक वर्ष				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
आम्दानी (प्राधिकरण कोष)	४७,५२०	४३,२८९	२,४१,३००	४१,९१३	४३,०३६
आम्दानी (ग्रामीण दूरसञ्चार विकास कोष)	२१,९६२	२९,८२९	२३,६९४	३१,२८४	२६,३८१
खर्च	२९,२७३	५,०५५	३,५२६	२९,७०४	२,३०२
चालु	११,०८६	४,५०४	२,६८९	२,६३५	२२९५
पूँजिगत	१८,१८७	५५१	८३७	२७,०६९	७
ग्रामीण दूरसञ्चार विकास कोष	३४,५०२	२,११६	६३१	-	२,१००



आ.व. २०८१/८२ मा प्राधिकरण कोषमा नगद मौज्दातमा रू.१६ अर्ब ४९ करोड १६ लाख ६२ हजार रहेकोमा आ.व. २०८२/८३ मा उक्त मौज्दात रू.२१ अर्ब ५५ करोड ८१ लाख ९० हजार रहेको छ। दूरसञ्चार ऐन, २०५३ को दफा ४४ बमोजिमको कोषमा जम्मा भएको रकम मध्ये प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खर्च भएको रकम र सो को ५० प्रतिशतले हुन आउने रकम बाहेकको अन्य रकम प्राधिकरणले प्रत्येक वर्ष साउन २५ गतेभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएबमोजिम उक्त कोषमा रहेको रकम प्रत्येक वर्ष नेपाल सरकारको संघीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ। प्राधिकरणको कूल सम्पत्ती आ.व. २०८१/८२ मा रु.२९ अर्ब ७६ करोड ५६ लाख १६ हजार रहेकोमा आ.व. २०८२/८३ मा रु.३४ अर्ब ७१ करोड २९ लाख ४४ हजार रहेको छ। प्राधिकरणको कूल दायित्व आ.व. २०८१/८२ मा रू.८ अर्ब १० करोड ४० लाख ५५ हजार रहेकोमा आ.व. २०८२/८३ मा रु.७ अर्ब ३५ करोड ७४ लाख ८ हजार रहेको छ। प्राधिकरणको वासलातमा रहेका मुख्य-मुख्य शिर्षकहरुको विगत पाँच आर्थिक वर्षको संक्षिप्त विवरण निम्नानुसार उल्लेख गरिएको छ। आ.व. २०८२/८३ को वासलातको विस्तृत विवरण अनुसूची - ३ मा रहेको छ।

रु. हजारमा

Particulars	2078/79	2079/80	2080/81	2081/82	2082/83*
Cash & Bank Balance	19,020,532	19,833,465	27,141,880	16,491,662	21,558,191
Current Assets	29,307,552	26,662,351	39,450,674	24,882,669	29,829,272
Fixed Assets	2,175,536	2,170,342	2,175,962	4,798,444	4,799,170
Total Assets	31,483,088	28,832,693	41,626,636	29,765,616	34,712,944
Current Liabilities	6,486,355	5,841,786	5,212,950	6,962,011	6,211,642
Provisions	2,384,030	951,075	959,626	1,142,044	1,145,766
Total Liabilities	8,870,385	6,792,860	6,172,576	8,205,293	7,458,646
Reserves & Surplus	22,612,703	22,039,833	35,454,060	21,560,323	27,254,298



२.२. आ.व २०८२/८३ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

दूरसञ्चार ऐन, २०५३ को दफा ४५ बमोजिम प्राधिकरणले कार्य संचालन गर्नको लागि प्रत्येक आर्थिक वर्ष आफ्नो बजेट तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था भएबमोजिम प्राधिकरण कोषतर्फ आ.व. २०८२/८३ को लागि प्राधिकरणबाट स्वीकृत वार्षिक विनियोजन रू.७८ करोड ३५ लाख

रहेकोमा सोको २९.३८ प्रतिशत खर्च भएको छ भने ग्रामीण दूरसञ्चार विकास कोषतर्फ स्वीकृत वार्षिक विनियोजन रू.२ अर्ब ४१ करोड १० लाख रहेकोमा सोको ८.७१ प्रतिशत खर्च भएको छ।

आ.व २०८२/८३ को विनियोजन र खर्च (रु. लाखमा)			
नेपाल दूरसञ्चार प्राधिकरण तर्फ			
विवरण	चालु	पुँजिगत	जम्मा
विनियोजन	५१,६९	२६,६६	७८,३५
खर्च	२२,९५	७	२३,०२
खर्च प्रतिशत	४४.४०	०.२६	२९.३८
ग्रामीण दूरसञ्चार विकास कोष तर्फ			
विवरण	चालु	पुँजीगत	जम्मा
विनियोजन	-	२,४१,१०	२,४१,१०
खर्च	-	२१,००	२१,००
खर्च प्रतिशत	-	८.७१	८.७१

२.३. आ.व. २०८२/८३ को मुख्य कार्यक्रम र प्रगति

दूरसञ्चार नियमावली, २०५४ को नियम ३४(ग) बमोजिम प्राधिकरणले तयार गरेको वार्षिक कार्यक्रम सूचना तथा सञ्चार मन्त्रालयको सहमति लिई प्राधिकरणबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ। यस आ.व. मा सम्पादन भएका मुख्य-मुख्य वार्षिक कार्यक्रमहरुको प्रगति निम्नानुसार रहेको छ।

(क) कोशी, मधेश र बागमती प्रदेशहरुमा मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम, पूर्व पश्चिम जोड्ने राजमार्ग, उत्तर दक्षिण जोड्ने राजमार्गमा अप्टिकल फाईवर नेटवर्क विस्तार गर्ने कार्यक्रमको सन्दर्भमा २०८३ असार मसान्तसम्म १४४९.४४ कि.मि. अप्टिकल फाइवर विस्तार, २७ वटा DWDM प्रणाली जडान र ५१ वटा कोर राउटर जडान सम्पन्न भएको। यस आ.व. मा ४ वटा DWDM प्रणाली र ६ वटा कोर राउटर जडान कार्य सम्पन्न भएको छ। यस परियोजनाको लागि दूरसञ्चार सेवा प्रदायक नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई यस आ.व. मा रू.२१ करोड भुक्तानी भएको छ।

(ख) गण्डकी र लुम्बिनी प्रदेशमा सूचना महामार्ग निर्माण/विस्तार गर्ने परियोजना श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड मार्फत गर्ने गरी नेपाल सरकारबाट दूरसञ्चार ऐन, २०५३ को दफा २० बमोजिम निर्देशन प्राप्त भएकोमा प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड बीच मिति २०८२/०४/३० मा समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारी पत्र बमोजिम यस परियोजनाको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट मिति २०८३/०३/१८ गते विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएको छ।

(ग) कर्णाली र सुदूरपश्चिम प्रदेशमा सूचना महामार्ग निर्माण/विस्तार गर्ने परियोजना अन्तर्गत हालसम्म ७९९ कि.मि. अप्टिकल फाईबर विस्तार, २३ वटा DWDM प्रणालीको जडान, ४६ वटा कोर राउटरको जडान र २० वटा माईक्रोवेभ स्पट जडान गर्ने कार्य सम्पन्न भएको छ। यस आ.व. मा २२१ कि.मि. फाईबर थप विस्तार भएको छ।

(घ) Mobile Radio Spectrum Monitoring System सञ्चालन गर्ने कार्यक्रमको सन्दर्भमा उक्त System को Support तथा On-Site Inspection प्रतिवेदन प्राप्त गरी कार्य सम्पन्न भएको छ।

(ङ) संघीय संसद, सार्वजनिक लेखा समितिमा IT Familiar Conference Hall का लागि उपकरण आयात तथा जडानका लागि भएको सम्झौता (सम्झौता नं.02-NTA-PAC-2077/78) वमोजिमको बाँकी रकम भुक्तानी गर्ने कार्यक्रमको लागि रु.२९ लाख बजेट विनियोजन भएकोमा उक्त कार्य सम्पन्न भई यस आ.व. को स्वीकृत वजेटबाट रु.२८ लाख ५० हजार भुक्तानी भएको छ।

(च) दूरसञ्चार ऐन, २०५३ को दफा ३३ बमोजिम सेवा प्रदायक एनसेल आजियाटा लिमिटेडको स्वामित्व नेपाल सरकारको कायम हुँदा उक्त कम्पनीको मूल्य निर्धारण गर्ने समितिको कार्यक्षेत्रगत विवरण (Terms of References-ToR) तयार गर्न आ.व. २०८२/८३ को लागि रु.५ लाख बजेट विनियोजन गरिएकोमा उक्त कार्य सम्पन्न भएको छ ।

(छ) अन्तर्राष्ट्रिय दूरसञ्चार संघको समन्वयमा GIRLS in ICT-DAY अन्तर्गत २०८२ श्रावण ७ देखि ९ गतेसम्म सुर्खेत र ईटहरीमा “ Skills Building In Emerging Technologies" कार्यशाला सम्पन्न भएको छ।

(ज) महान्यायाधिवक्ताको कार्यालयसंग सहकार्य गरी बागमती प्रदेशमा महिला सरकारी वकिलहरुलाई VoIP Call Bypass, Cyber Crime लगायतका विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

(झ) अन्य क्षेत्रमा 5G दूरसञ्चार सेवाको प्रयोगलाई प्रोत्साहन दिन गर्नुपर्ने कार्यको सम्वन्धमा गरिएको अध्ययन प्रतिवेदनको रकम भुक्तानी गर्न आ.व. २०८२/८३ को लागि रु.१४

लाख बजेट विनियोजन गरिएकोमा उक्त कार्य सम्पन्न भई यस आ.व. को स्वीकृत वजेट मध्ये रु.१३ लाख ७४ हजार खर्च भएको छ।

२.४. आ.व. २०८२/८३ मा सम्पादित उल्लेखनीय कार्यहरू


दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ वनाउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्ने उदेश्यले अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र सँगठित संस्थाको रुपमा गठित नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार ऐन, २०५३ को दफा १३ बमोजिमका कार्यहरु गर्न विभिन्न शाखा/महाशाखाहरु सहितको संगठन संरचना बनाई कार्यसम्पादन गर्दै आएको छ। यस आ.व. मा प्राधिकरणबाट सम्पादित मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम उल्लेख गरिएको छ।


२.४.१. अनुमतिपत्र र फ्रिक्वेन्सी सम्बन्धी कार्यहरू

आ.व. २०७८/७९ को असार मसान्तसम्म प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त संस्थाहरूको कुल संख्या २०४ रहेकोमा आ.व. २०८२/८३ को असार मसान्तसम्म अनुमतिपत्र प्राप्त संस्थाहरूको संख्या २४९ पुगेको छ। यस सम्बन्धी विस्तृत विवरण तल उल्लिखित तालिकामा प्रस्तुत गरिएको छ।

दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त संस्थाहरुको विगत ५ वर्षको संख्यागत विवरण।

दूरसञ्चार सेवाको किसिम	आर्थिक वर्ष				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
नेटवर्क सेवा प्रदायक	२२	२३	२४	२६	२३
जिएसएम सेलुलर मोवाइल	२	२	२	२	२
भिस्याट सेवा प्रयोगकर्ता	८	११	१०	११	९
आधारभुत दूरसञ्चार सेवा प्रदायक	१	१	१	१	१
इन्टरनेट (इमेल सहित) सेवा प्रदायक	१३७	१२८	११४	१०८	१००
जिएमपिसिएस सेवा प्रदायक	२	२	२	२	२
अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा	१	१	१	१	१
ग्रामीण भिस्याट प्रयोगकर्ता	२५	७९	११०	११०	१०९
आधारभुत टेलिफोन सेवा	२	१	१	१	१
ग्रामीण इन्टरनेट सेवा प्रदायक	३	३	३	२	१
ग्रामीण दूरसञ्चार सेवा	१	१	_	_	-
कुल जम्मा	२०४	२५२	२६८	२६४	२४९


आ. व. २०८२/८३ मा दूरसञ्चार सेवा प्रदायकहरूको संख्या
ग्रामीण दूरसञ्चार सेवा 0
ग्रामीण इन्टरनेट सेवा प्रदायक 1
आधारभुत टेलिफोन सेवा 1
ग्रामीण भिस्याट प्रयोगकर्ता 109
अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा 1
जिएमपिसिएस सेवा प्रदायक 2
इन्टरनेट (इमेल सहित) सेवा प्रदायक 100
आधारभुत दूरसञ्चार सेवा प्रदायक 1
भिस्याट सेवा प्रयोगकर्ता 9
जिएसएम सेलुलर मोवाइल 2
नेटवर्क सेवा प्रदायक 23
0 20 40 60 80 100 120


दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त संस्थाहरुको विगत ५ वर्षको संख्यागत बिबरण
१६० १४० १२० १०० ८० ६० ४० २० ०
२०७८/७९ २०७९/८० २०८०/८१ २०८१/८२ २०८२/८३
आर्थिक वर्ष
नेटवर्क सेवा प्रदायक
जिएसएम सेलुलर मोवाइल
भिस्याट सेवा प्रयोगकर्ता
आधारभुत दूरसञ्चार सेवा प्रदायक
इन्टरनेट (इमेल सहित) सेवा प्रदायक
जिएमपिसिएस सेवा प्रदायक
अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा
ग्रामीण भिस्याट प्रयोगकर्ता
आधारभुत टेलिफोन सेवा
ग्रामीण इन्टरनेट सेवा प्रदायक
ग्रामीण दूरसञ्चार सेवा

(क) अनुमतिपत्र जारी/नविकरण/खारेजी

दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले निर्दिष्ट गरेका प्राधिकरणका काम, कर्तव्य र अधिकारहरु मध्येको एक प्रमुख कार्य अनुमतिपत्र व्यवस्थापन समेत हो। आ.व. २०८२/८३ मा २ वटा अनुमतिपत्र जारी, ११ वटा अनुमतिपत्र नवीकरण र १५ वटा अनुमतिपत्र खारेज भएका छन्। सो को विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

सि.नं.	सेवा प्रदायकको नाम	अनुमतिपत्रको किसिम
जारी भएका अनुमतिपत्रहरू		
1.	Vianet communications Ltd., Jawalakhel-4, Lalitpur	Internet (with Email)
2.	Nepal Doorsanchar Company Limited, Bhadrakali, Kathmandu	Basic Telecommunications Service
खारेज भएका अनुमतिपत्रहरु		
1.	Nepal Doorsanchar Company Limited, Bhadrakali, Kathmandu	Basic Telecommunications Service
2.	Vianet Communication Limited, Jawalakhel, Lalitpur (Prera Business Centre)	Internet with Email
3.	Gandaki Communication Pvt. Ltd., Bhimsen Chowk, Pokhara, Kaski	Internet with Email
4.	Airson Internet Pvt. Ltd., Pokhara-14, Chauthe, Kaski	Internet with Email
5.	Kriti Darshan Media Pvt. Ltd., Dharan Submetropolitan-2, Sunsari	Internet with Email
6.	T.P. Link Network Pvt. Ltd., Pokhara Submetropolitan-8, Kaski	Internet with Email
7.	Simple Media Network Pvt. Ltd., Chakupat-22, Lalitpur. License transferred from Radius Communications Pvt. Ltd., dated 2072/03/22	Internet with Email
8.	Butwal Power Co. Ltd., Naygaun VDC-7, Pyuthan	Rural VSAT User
9.	Goreto Communication Pvt. Ltd., Pokhara Sub Metropolitan-8, Kaski	Rural Internet E-mail
10.	Mercantile Communications Pvt. Ltd., Durbar Marg, Kathmandu	Network Service Provider
11.	Communication and Communicate Nepal Pvt. Ltd., Jawalakhel, lalitpur	Network Service Provider
12.	Mercantile Communications Pvt. Ltd., Kathmandu Terminal (A)	VSAT User
13.	Mercantile Communications Pvt. Ltd., Kathmandu Terminal (B)	VSAT User
14.	Mercantile Communications Pvt. Ltd. Durbar Marg, Kathmandu	Internet with Email
15.	Himalayan Online Services Pvt. Ltd. Durbar Marg, Kathmandu	Internet with Email
नविकरण भएका अनुमतिपत्रहरू		
1.	CG Communications Limited, Thapathali, Kathmandu	Network Service Provider

2.	Wi Fi H.D. Nepal Pvt. Ltd., Baluwatar-4, Kathmandu	Internet with Email
3.	Acme Technical Institute Pvt. Ltd., Sunwal-1, Parasi Road, Nawalparasi	Internet with Email
4.	Ncell Axiata Limited, Lainchaur, Kathmandu	Internet with Email
5.	P.D.S. Server Network Pvt. Ltd., Padampur-4, Chitawan	Internet with Email
6.	Chitrawan Unique Net Pvt. Ltd., Bharatpur Sub-Metropolitan-2, Chitwan	Internet with Email
7.	Sajilo Net Pvt. Ltd., Banasthali-16, Kathmandu	Internet with Email
8.	Pals Network Pvt. Ltd., Butwal, Rupandehi	Internet with Email
9.	Nepalink Communications Pvt. Ltd., Kankai-3, Jhapa	Internet with Email
10.	E-link Net Pvt. Ltd., Itahari-6, Sunsari	Internet with Email
11.	Bhote Koshi Power Company Ltd., Tahachal, Kathmandu	VSAT

(ख) अनुमतिपत्र संशोधन

दूरसञ्चार नियमावली, २०५४ को नियम १३(२) बमोजिम संशोधन गरिएका अनुमतिपत्रको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

आ.व. २०८२/८३ मा संशोधन गरिएका अनुमतिपत्रहरुको विवरण
श्री सुविसु केवलनेट लिमिटेड, बालुवाटार-४, काठमाण्डौलाई यस प्राधिकरणबाट इन्टरनेट (ईमेल सहित) र नेटवर्क सेवा प्रदायकको लागि प्रदान गरिएको अनुमतिपत्रहरुमा रहेको "सुविसु केवलनेट लिमिटेड" नामको सट्टा "सुविसु लिमिटेड" राखी अनुमतिपत्रहरु संशोधन गरिएको।
श्री टेकमाइण्डस् नेटवर्क प्रा.लि. लाई यस प्राधिकरणबाट इन्टरनेट (ईमेल सहित) र नेटवर्क सेवा प्रदायकको लागि प्रदान गरिएको अनुमतिपत्रहरुमा रहेको "टेकमाइण्डस् नेटवर्क प्रा.लि." नामको सट्टा "टेकमाइण्डस् नेटवर्क लिमिटेड" राखी अनुमतिपत्रहरु संशोधन गरिएको।
श्री वाइ फाइ एच.डी. नेपाल प्रा.लि., बालुवाटार-४, काठमाण्डौलाई यस प्राधिकरणबाट प्रदान गरिएको इन्टरनेट (ईमेल सहित) सेवाको अनुमतिपत्रमा "वाइ फाइ एच.डी. नेपाल प्रा.लि." नामको सट्टा "किसान नेट प्रा.लि." राखी ऐ. नियमावलीको नियम १३ को उपनियम (२) अनुमतिपत्र संशोधन गरिएको।

(ग) विदेशी मुद्रा सिफारिस सम्बन्धी

दूरसञ्चार ऐन, २०५३ को दफा ३५ ले अनुमतिपत्र प्राप्त व्यक्तिलाई विदेशी विनिमय सुविधा प्राप्त गर्ने व्यवस्था गरेको छ। उक्त सुविधा अन्तर्गत दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक उपकरणहरु र व्याण्डविथ विदेशबाट आयात गर्नुपर्ने भएमा त्यसको लागि आवश्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित दरभाउमा उपलब्ध गराउने व्यवस्था भएबमोजिम


आ.व. २०८२/८३ मा दूरसञ्चार सेवाको लागि आवश्यक उपकरण आयातका लागि रु.४ अर्ब ८६ करोड २९ लाख ५६ हजार ३४ रुपैयाँ ३९ पैसा बराबरको विदेशी मुद्रा भुक्तानीका लागि सिफारिस गरिएको छ भने व्याण्डविथ भुक्तानी वापत रु.४ अर्ब १४ करोड १० हजार ५७६ रुपैयाँ २६ पैसा बराबरको विदेशी मुद्राको सिफारिस गरी कूल रु.९ अर्ब २९ लाख ६६ हजार ६१० रुपैयाँ ६५ पैसा सिफारिस गरिएको छ। प्राधिकरणबाट यस आ.व. मा विदेशी मुद्रा भुक्तानीका लागि गरिएको सिफारिसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

आ.व.२०८२/८३ मा प्राधिकरणबाट भएका विदेशी मुद्रा सिफारिस सम्बन्धी विवरण

S.N.	Name of the Licensee	Amount (In NPR)	Percentage
1.	Constellation Pvt. Ltd	8,23,271.45	0.02%
2.	Ncell Axiata Limited	3,76,46,430.31	0.91%
3.	Worldlink Communication Limited	3,46,56,75,037.80	83.71%
4.	Vianet Communication Limited	33,36,86,304.00	8.06%
5.	CG Communication Limited	30,21,79,532.7	7.30%
Grand Total		4,14,00,10,576.26	100.00%

आ.व.२०८२/८३ मा प्राधिकरणबाट भएका उपकरण सिफारिस सम्बन्धी विवरण

S.N.	Name of the Licensee	Amount (In NPR)	Percentage
1.	Ncell Axiata Limited	2,43,51,85,258.98	50.08%
2.	Nepal Doorsanchar Company Limited	2,42,65,94,639.21	49.90%
3.	Vianet CommunicationLimited	11,76,136.20	0.02%
Grand Total		4,862,956,034.39	100.00%



(घ) फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन सम्बन्धी

रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णय बमोजिम सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई ८०० मेगाहर्ज व्याण्डमा अस्थायी रूपमा ५ मेगाहर्ज व्याण्डविथ थप गरिएको छ। मोबाइल सेवा प्रविधिको लागि तोकिएको फ्रिक्वेन्सी व्याण्डहरूमा वितरण भएको फ्रिक्वेन्सी विवरण देहाय बमोजिम रहेको छ।

Frequency Bands			800 MHz Band	900 MHz Band	1800 MHz Band	2100 MHz Band	Total (MHz)
Allocated Frequency Range			847-862 MHz paired with 806-821 MHz	880-915 MHz paired with 925-960 MHz	1710-1785 MHz paired with 1805-1880 MHz	1920-1980 MHz paired with 2110-2170 MHz	
Available System Bandwidth (MHz)			2×15 (FDD)	2×35 (FDD)	2×75 (FDD)	2×60 (FDD)	2×185 (FDD)
Assignments (MHz)	1.	Nepal Doorsanchar Company Ltd. (Nepal Telecom)	2×15*	2×10	2×20	2×10	2×55 (FDD)
	2.	Ncell Axiata Ltd.	-	2×9.60	2×20	2×15	2×44.60 (FDD)
Total Assigned Frequency (MHz)#			2×15	2×19.60	2×40	2×25	2×99.6 (FDD)

Unassigned Frequency (MHz)#	**-**	**2×15.40**	**2×35**	**2×35**	**2×85.40 (FDD)**

Including 2x5 MHz assigned on temporary basis.
#Frequencies in 700 MHz Band (2x45 MHz), 850 MHz Band (2x10 MHz), 2300 MHz Band (100 MHz), 2600 MHz Band (190 MHz), 3700 MHz Band (Total: 900 MHz, Current IMT Allocation: 400 MHz) and 26 GHz Band (3.25 GHz) are also allocated but unassigned.

आ.व. २०८२/८३ मा दूरसञ्चार सेवाप्रदायकहरू लाई १४४ वटा नयाँ माईक्रोवेभ लिंकको स्वीकृती प्रदान गरिएको र सेवाप्रदायकहरूको अनुरोध बमोजिम ३६३ वटा माईक्रोवेभ लिंक रद्द गरिएको छ। सो को विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

S.N.	Operator	New Link Approval	Dismantled Link
1.	Ncell Axiata Limited	14	363
2.	Nepal Doorsanchar Company Ltd.	130	0
Total		**144**	**363**

२.४.२. दूरसञ्चार पूर्वाधार सम्बन्धी कार्यहरू

(क) आ.व. २०८२/८३ को अन्त्यसम्म ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडव्याण्ड एक्सिस नेटवर्क बनाई ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन १८ वटा प्याकेजहरू मार्फत हालसम्म ७४ जिल्लाहरूका ७०८ स्थानीय तह (पालिका) को कार्यालय, ५९३३ वडा कार्यालयहरु, ५३१८ सामुदायिक माध्यामिक विद्यालयहरु, ४२४९ स्वास्थ्य संस्थामा ब्रोडव्याण्ड इन्टरनेट सेवाको जडान कार्य सम्पन्न भएको छ।

(ख) ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरूमध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानीय तहका कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू तथा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडव्याण्ड इन्टरनेट सेवाको स्तरोन्नती गर्ने तथा सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान गर्ने कार्यक्रम अन्तर्गत ८ जिल्लाका ७६ वटा स्थानीय तहहरूमध्ये ७३ वटा स्थानीय तहहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भएकोमा आ.व. २०८२/८३ को असार मसान्तसम्म ५३ स्थानीय तह (पालिका) को कार्यालय, ५२५ वडा कार्यालयहरु, २३६० सामुदायिक विद्यालयहरु, ६४३ सामुदायिक स्वास्थ्य संस्था/अस्पतालमा ब्रोडव्याण्ड इन्टरनेट सेवाको जडान कार्य सम्पन्न भएको छ।

(ग) भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका सबै सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन

गर्ने कार्यक्रम अन्तर्गत ६५६ वटा स्थानीय तहहरूमध्ये ३६२ वटा स्थानीय तहहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भएकोमा आ.व. २०८२/८३ को अन्त्यसम्म १३५ स्थानीय तह (पालिका) को कार्यालय र ४०१२ सामुदायिक आधारभुत विद्यालयहरुमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको छ।

(घ) ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरू मार्फत अगाडि बढाईएको छ।

प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश) का लागि श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसंग सम्झौता भई यस प्याकेज अन्तर्गत कोशी प्रदेश अन्तर्गतको कार्य सम्पन्न भईसकेको छ। यस परियोजना मार्फत २१७९ किलोमिटर अप्टिकल फाइवर विस्तार गर्ने, २७ वटा DWDM System र ५१ वटा Core Router Equipment जडान गर्ने लक्ष लिइएकोमा यस आ.व. को अन्त्यसम्म १४४९.४४६ (६६.५२%) किलोमिटर अप्टिकल फाइवर विस्तार भएको छ भने DWDM System र Core Router Equipment को हकमा शतप्रतिशत कार्यसम्पन्न भएको छ।

प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश) का लागि श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड मार्फत गर्ने गरी नेपाल सरकारबाट दूरसञ्चार ऐन, २०५३ को दफा २० बमोजिम निर्देशन प्राप्त भएकोमा प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड बीच मिति २०८२/०४/३० मा समझदारी पत्रमा हस्ताक्षर गरी कार्य अगाडी बढेको छ। समझदारी पत्र बमोजिम यस परियोजनाको लागि श्री नेपाल दूरसञ्चार कम्पनी लि. बाट मिति २०८३/०३/१८ मा विस्तृत परियोजना प्रतिवेदन (DPR) प्राप्त भएको छ।

प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश) का लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसंग सम्झौता भएकोमा यस परियोजना मार्फत ११५४ किलोमिटर अप्टिकल फाइवर विस्तार गर्ने, २८ वटा DWDM System, ५६ वटा Core Router Equipment र २१ वटा माइक्रोवेब स्पट जडान गर्ने लक्ष्य लिइएकोमा यस आ.व. को अन्त्यसम्म ७९९ किलोमिटर अप्टिकल फाइवर विस्तार भएको, २३ वटा DWDM System, ४६ वटा Core Router Equipment र २० वटा माइक्रोवेब स्पट जडान गर्ने कार्य सम्पन्न भएको छ।

(ङ) आ.व. २०८२/८३ मा सेवा प्रदायकबाट २५० वटा नयाँ बि.टी.एस. टावर निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। सेवा प्रदायकगत कूल बि.टी.एस. टावरको संख्या निम्नानुसार रहेको छ।

सेवा प्रदायक	बि.टी.एस. टावरको संख्या
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	४८९४
एनसेल आजियाटा लिमिटेड	४७०४

(च) श्री सूचना तथा सञ्चार मन्त्रालयको निर्देशन बमोजिम प्राधिकरणको वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५ बमोजिम विभिन्न सेवा प्रदायकहरू मार्फत वाईफाई हटस्पट जडान/स्तरोन्नत्ति भई सञ्चालनमा आएको छ। सेवा प्रदायकहरु मार्फत वाईफाई हटस्पट जडान/स्तरोन्नत्ति भएको क्षेत्रको विस्तृत विवरण निम्नानुसार रहेको छ।

काठमाडौं उपत्यका भित्रः

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानास्थल	२. शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	३. निजामती कर्मचारी अस्पताल
४. परोपकार प्रसूती गृह तथा स्त्री रोग अस्पताल	५. यातायात व्यवस्था कार्यालय, ठुलो भर्याङ्ग	६. शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पताल
७. कान्ति बाल अस्पताल	८. नयाँ बसपार्क	९. वीर अस्पताल
१०. राष्ट्रिय ट्रमा सेन्टर	११. कीर्तिपुर अस्पताल	१२. पाटन अस्पताल
१३. भक्तपुर अस्पताल	१४. भक्तपुर क्यान्सर अस्पताल	१५. पशुपति परिसर
१६. शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र	१७. यातायात व्यवस्था कार्यालय, एकान्तकुना	१८. यातायात व्यवस्था कार्यालय, राधेराधे, भक्तपुर
१९. त्रि.वि. शिक्षण अस्पताल		

काठमाडौं उपत्यका बाहिरः

२०. कोशी प्रादेशिक अस्पताल, विराटनगर	२१. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, विराटनगर	२२. यातायात व्यवस्था कार्यालय, हेटौंडा
२३. प्रदेश जन-स्वास्थ्य प्रयोगशाला, सुर्खेत	२४. सेती प्रादेशिक अस्पताल, धनगढी, कैलाली	२५. प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी
२६. रास्री स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ	२७. रास्री प्रादेशिक अस्पताल, तुलसीपुर दाङ	२८. पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा
२९. गुल्मी अस्पताल	३०. सुर्खेत सिटी बसपार्क	३१. प्रदेश अस्पताल, म्याग्दी
३२. जनकपुर प्रादेशिक अस्पताल	३३. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुर	३४. हेटौंडा अस्पताल
३५. विराटनगर बस टर्मिनल	३६. हेटौंडा बसपार्क	३७. प्रदेश अस्पताल, सुर्खेत

३८. प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, पोखरा	३९. पोखरा पर्यटक बसपार्क	४०.कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
४१. चन्द्रनिगाहपुर अस्पताल	४२. प्रादेशीक अस्पताल गौर	४३. रामेछाप अस्पताल
४४. मन्थली अस्पताल	४५. जिल्ला अस्पताल वैतडी	


(छ) काठमाडौँ उपत्यकाका विभिन्न ६ वटा देहाय बमोजिमका रूटहरू (दाँया बाया गरी करिब १० कि.मि., करिब १००० वटा पोल) मा इन्टरनेट तार व्यवस्थापनको कार्य प्रारम्भ भएको छ।

क) त्रिपुरेवर-कालिमाटी-कलंकी,
ख) जडीबुटी-पेप्सीकोला,
ग) त्रिपुरेश्वर-लाजिम्पाट,
घ) सामाखुशी टाउन प्लानिङ (गोंगबु),
ङ) कीर्तिपुर क्षेत्र र
च) पुरानो वानेश्वर-गौशाला-चावहिल ।

२.४.३. उपकरण र सेवा स्तरीकरण सम्बन्धी कार्यहरू

(क) दूरसञ्चार ऐन, २०५३ को दफा १३ (च) बमोजिम दूरसञ्चार सेवा र दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने कार्य नेपाल दूरसञ्चार प्राधिकरणको एक प्रमुख कार्य हो। Type Approval Working Procedure for Customer Premises Radio Telecommunication Equipment-2016 (TAP-04) बमोजिम प्राधिकरणबाट विगत पाँच वर्षको आ.व. मा भएको Type Approval सम्बन्धी विवरणहरु तलको चित्रमा प्रस्तुत गरिएको छ।

प्राधिकरणबाट आ.व. २०७८।७९ देखी आ.व. २०८२।८३ सम्ममा Type Approval प्रदान गरिएका उपकरणहरू सम्बन्धी विवरण



	GSM Handset (PP)	GSM Handset (P)	GSM Device (PP)	GSM Device (P)	Short Range Device (PP)	Short Range Device (P)	Tablet (PP)	Tablet (P)	Satellite Phone (PP)	Satellite Phone (P)	Satellite Terminal (PP)	Satellite Terminal (P)	Tablet-PC (PP)	Tablet-PC (P)
2078/79	177	255	15	35	100	207	19	28	0	0	0	0	0	0
2079/80	183	245	6	66	108	275	13	14	1	0	0	0	0	0
2080/81	144	320	21	64	173	411	4	25	0	0	0	0	0	0
2081/82	203	362	13	45	161	338	15	26	1	2	0	1	0	0
2082/83	187	375	15	83	212	397	23	39	1	2	0	1	0	1

(ख) सञ्चालनमा रहेको mdms.nta.gov.np पोर्टलबाट आ.व. २०८२/८३ मा भएको व्यक्तिगत मोबाईल दर्ता, आयातकर्ताहरूलाई जारी गरिएको No Objection Certificate र हराएको/चोरी भएको मोबाईल दर्ताको विवरण निम्न बमोजिम रहेको छ।

व्यक्तिगत मोबाईल दर्ता संख्या	६,८३३
मोबाइल हराएको/चोरी भएको आवेदन	३२,७८०
हराएको/चोरी भएको मोबाईलमा सिम ल्याच (Latch)	२१,२५२
NOC जारी गरिएको मोबाइल IMEI को संख्या	६५,०४,८०२

(ग) मोबाइल सेवा प्रदायकहरुबाट दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९ को विनियम ६ बमोजिम देशका विभिन्न स्थानहरूमा नियमित रुपमा Drive Test विधिबाट मोबाइल सेवाको गुणस्तर परीक्षण तथा मापन गरी प्राधिकरणमा पेश गरेको प्रतिवेदनहरु, Operational Support System को माध्यमबाट गुणस्तर मापन गरिएको प्रतिवेदन, वार्षिक प्रतिवेदन तथा QOE Survey Report उपर आवश्यक कार्यवाही तथा निर्देशन जारी भएको छ|

मोबाइल सेवा प्रदायकहरूबाट विभिन्न स्थानमा गरिएका गुणस्तर परिक्षण		
	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	एनसेल आजियाटा लिमिटेड
प्रथम त्रैमासिक	विराटनगर, वितामोड, राजविराज, तरहरा र इटहरी-काँकडभिट्टा राजमार्ग	भरतपुर, हेटौँडा, पोखरा, पोखरा देखी हेटौँडा राजमार्ग र माडी

दोस्रो त्रैमासिक	भालुवाङ-तुलसीपुर राजमार्ग, घोराहि, तुलसीपुर, नेपालगञ्ज अमेलिया राजमार्ग, नेपालगञ्ज, टिकापुर र धनगढी	भैरहवा, बुटवल, बर्दघाट, चारनम्बर (पूर्व-पश्चिम राजमार्ग) तथा बर्दघाट-पिपरा (हुलाकी राजमार्ग), परासी र टिकापुर
तेस्रो त्रैमासिक	भरतपुर, वीरगञ्ज, कलैया, काठमाडौँ-नारायणघाट राजमार्ग, पनौती	बरहथवा, बरमझिया, वीरगञ्ज, गौर, हुलाकी राजमार्ग अन्तर्गतको कंचनपुर देखि मलङ्गवा, सिन्धुली र सिराहा
चौथो त्रैमासिक	भैरहवा, बुटवल, गैंडाकोट, मुग्लिन—पोखरा राजमार्ग, पोखरा र आँबुखैरेनी—गोरखा राजमार्ग	विराटनगर, इटहरी, खाँदबारी, बिर्तामोड, भोक्राहा र विर्तामोड देखि फुङ्लिङ राजमार्ग (पहाडी खण्ड)

(घ) दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९ को विनियम ७ बमोजिम प्राधिकरणमा प्राप्त हुन आएका गुणस्तर सम्बन्धी गुनासो समेतका आधारमा तपसिल बमोजिमका स्थानहरूमा सेवाको गुणस्तर कायम गर्नका लागि मोबाइल सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ।

- दाङ र नेपालगंजका विभिन्न क्षेत्रहरू।
- अछाम जिल्लाका विभिन्न पालिका तथा वडाहरू ।
- मोरङ जिल्ला, रतुवामाई नगरपालिका-३, मिर्चा डाँगी।
- मकवानपुर जिल्लाको कैलाश गाउँपालिका वडा नं ५ ।
- तार्केश्वर-२, काठमाडौं।
- पोखरा महानगरपालिका वडा नं १८ र २४ अन्तर्गत ग्यारजाती, मेथलाङ्ग, सेदि, भकुण्डे लगायत पामे क्षेत्र।
- बनिनिया, कल्याणपुर-१, सिराहा ।
- भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक ।
- माथागढी गाउँपालिकाको वडा नं ५, ६, ७ र ८, पाल्पा ।
- ओखलढुङ्गाका विभिन्न स्थानहरू।
- हुम्ला जिल्ला, सिमकोट गाउँपालिका वडा नं १ र २ ।

२.४.४. डिजिटल सिप अभिवृद्धि सम्बन्धी कार्यहरू

International Girls in ICT Day, 2025 को अवसरमा अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (International Telecommunication Union) समेतको सहकार्यमा सूचना प्रविधि क्षेत्रमा महिलाहरूलाई प्रतिनिधित्व गर्न प्रोत्साहन गर्ने लक्ष्य सहित मिति २३-२५ जुलाई २०२५ मा विरेन्द्रनगर, सुर्खेत र इटहरी,

सुनसरीमा १८ देखि २४ वर्ष उमेरका करिब २०० जना किशोरीहरूको सहभागितामा Artificial Intelligence, Machine Learning, Cybersecurity विषयहरूमा तीन दिने Skill Building in Emerging Technologies कार्यक्रमहरू आयोजना गरिएको।

२.४.५. निरीक्षण तथा अनुगमन सम्बन्धी कार्यहरू

(क) फ्रिक्वेन्सी अनुगमन सम्बन्धी

प्राधिकरणको Mobile Radio Spectrum Monitoring System (MRSMS) को प्रयोग गरी देहायका स्थानहरुमा छुट्टाछुट्टै सेलुलर फ्रिक्वेन्सी व्याण्डहरुमा फ्रिक्वेन्सी प्रयोगको अवस्था सम्बन्धमा स्थलगत अनुगमन गरिएको छ।

जिल्ला	स्थानहरू
काठमाडौं	तीनचुली, बबरमहल, भद्रकाली, सुन्धारा, साँखु र दक्षिणकाली
ललितपुर	महालक्ष्मी चोक, जावलाखेल, पुल्चोक, सातदोबाटो र चापागाउँ
भक्तपुर	तेलकोट
कास्की	महेन्द्रपुल र जिरो किलोमिटर
तनहुँ	दमौली

साथै रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिबाट निर्धारित Unlicensed/ISM व्याण्डहरुमा फ्रिक्वेन्सी प्रयोग सम्बन्धमा पुल्चोक, ललितपुर क्षेत्रमा अनुगमन, सेवा प्रदायक एनसेल आजियाटा लिमिटेडले प्राधिकरणबाट पूर्व स्वीकृत प्राप्त गरेका माइक्रोवेभ लिंकहरु (३७८ वटा) रद्द गर्न अनुरोध गरेको सम्बन्धमा सो फ्रिक्वेन्सीको प्रयोग रहे/नरहेको सम्बन्धी अनुगमन, 5G परीक्षणमा प्रयोग भएको फ्रिक्वेन्सी तथा उपकरणको प्रयोगको अवस्थाको सम्बन्धमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको बिरगन्ज (पर्सा), महेन्द्रपुल (पोखरा) र बबरमहल, सुन्धारा (काठमाडौं) कार्यालयमा जडान भएको 5G उपकरणको स्थलगत निरीक्षण एवं सो क्षेत्रमा स्थलगत फ्रिक्वेन्सी अनुगमन र 2300 MHz व्याण्डमा सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले उक्त फ्रिक्वेन्सी उपयोग वा सेवा संचालन गरे/नगरेको सम्बन्धमा अनुगमन गरिएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चालित VHF Communication अन्तर्गत Approach Control तथा Area Control Center का VHF फ्रिक्वेन्सीहरुमा Random Noise/Interference का सम्बन्धमा प्राधिकरणको Mobile Radio Spectrum Monitoring System (MRSMS) को

प्रयोग गरी अनुगमन सम्पन्न भएको र सो को प्रतिवेदन श्री सूचना तथा सञ्चार मन्त्रालयमा पेश गरिएको छ।

(ख) विदेशी मुद्रा सिफारिश अनुगमन सम्बन्धी

यस प्राधिकरणबाट आ.व. २०८२/८३ मा विदेशी मुद्रा भुक्तानीका लागि पत्राचार गरिएकोमा सो को अनुगमन सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

S.N.	Operator Name	Upstream/Service Provider	Date
1.	C.G. Communication Ltd.	Bharti International, Singapore	2082/07/27
2.	Subisu Cablenet Ltd.	Bharti International, Singapore	2082/08/10
3.	Subisu Cablenet Ltd.	TATA Communication, India	2082/09/20
4.	Subisu Cablenet Ltd.	TATA Communication, India	2083/01/21
5.	Nepal Digital Service Pvt. Ltd.	Lightstorm Asia Pte. Ltd, Singapore	2083/03/08
6.	Ncell Axiata Ltd.	Global Message Service, AG, Switzerland	2082/04/18
7.	Ncell Axiata Ltd.	Service Name: Global Roamer Customized FLP Package)	2082/09/03
8.	Ncell Axiata Ltd.	Belgacom International Carrier Services SA (BICS)	2082/04/18

(ग) दूरसञ्चार अपराध (VOIP Bypass) सम्बन्धी विगो सहितको प्रतिवेदन

वादी नेपाल सरकार प्रतिवादी देहायका व्यक्तिहरू समेत भएको अन्तर्राष्ट्रिय VoIP/ SMS Bypass सम्बन्धी मुद्दाहरूका विषयमा अध्ययन अनुसन्धान गरी बिगो सहितको प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयहरूमा पठाइएको छ।

क्र.सं.	प्रतिवादी	VOIP/SMS By Pass
१.	धिरज कुमार पटेल समेत, बीरगंज, पर्सा	VoIP
२.	चिनियाँ नागरिक राहदानी नं. EN2140622 का वाहक LIU PAN समेत काठमाडौं	VoIP
३.	राम थापा मगर समेत काठमाडौं	SMS Bypass
४.	राजन राजवंशी समेत काठमाडौं	VoIP

(घ) अनुमतिपत्रका शर्त अनुगमन सम्बन्धी

नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँचबुझ कार्यविधि सम्बन्धी विनियमावलीको विनियम ११ बमोजिम प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गरेका देहायका सेवा प्रदायकहरुले अनुमतिपत्रका शर्तहरु बमोजिम सेवा सञ्चालन गरे/नगरेको सम्बन्धमा देहाय बमोजिमक ३३ वटा सेवाप्रदायकहरूको स्थलगत निरीक्षण तथा जाँचबुझ सम्पन्न गरिएको छ।

S.N.	Service Provider	License Type
1.	City Net Pvt. Ltd.	Internet With Email
2.	Everest Wireless Network Pvt. Ltd.	Internet With Email
3.	Fibertel Fibernet Pvt. Ltd.	Internet With Email
4.	Firstlink Communications Pvt. Ltd.	Internet With Email
5.	Himalayan Online Services Pvt. Ltd.	Internet With Email
6.	I. Zone Pvt. Ltd.	Internet With Email
7.	Infonet Communication Pvt. Ltd.	Internet With Email
8.	Janaki Net Link Pvt. Ltd.	Internet With Email
9.	Khaptad Net Pvt. Ltd.	Internet With Email
10.	Limpid I.C.T. Solution Pvt. Ltd.	Internet With Email
11.	Lumbini Max Digital Cable Net Pvt. Ltd.	Internet With Email
12.	Meta Link Pvt. Ltd.	Internet With Email
13.	Metrolink Business Group Pvt. Ltd.	Internet With Email
14.	Ncell Axiata Limited	Internet With Email
15.	Neo Link Pvt. Ltd.	Internet With Email
16.	Nepalink Communication Pvt. Ltd.	Internet With Email
17.	Pals Network Pvt. Ltd.	Internet With Email
18.	Pathibhara Network Pvt. Ltd.	Internet With Email
19.	Sarathi Communications Network Pvt. Ltd.	Internet With Email
20.	Shikhar Net Pvt. Ltd.	Internet With Email
21.	Sky Broadband Pvt. Ltd.	Internet With Email
22.	Subisu Limited	Internet With Email
23.	Sustainable Networks Pvt. Ltd.	Internet With Email

24.	Swift Net Pvt. Ltd.	Internet With Email
25.	Swift Network and Communication Pvt. Ltd.	Internet With Email
26.	Virtual Network Pvt. Ltd.	Internet With Email
27.	Web Networks Pvt. Ltd.	Internet With Email
28.	Wifi Tech Nepal Pvt. Ltd.	Internet With Email
29.	Zishan Network Pvt Ltd	Internet With Email
30.	Firstlink Communications Pvt. Ltd.	Network Service Provider
31.	Ncell Axiata Limited	Network Service Provider
32.	Subisu Limited	Network Service Provider
33.	SSVC Radio Kathmandu Pvt. Ltd.	VSAT User

(ङ) अनधिकृत रूपमा इन्टरनेट सेवा सञ्चालन भइरहेको सम्बन्धमा प्राप्त उजुरीका आधारमा नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँचबुझ कार्यविधि सम्बन्धी विनियमावलीको विनियम १३ बमोजिम देहाय बमोजिमका कम्पनीहरूको अनुगमन भएकोछ।

क्र.सं.	अनुगमन गरिएका कम्पनीहरू
१.	श्री दुधमती इन्टरनेट प्रा.लि. महेन्द्रनगर, धनुषा।
२.	श्री R.K. TV लिंक प्रा.लि. महेन्द्रनगर, धनुषा।
३.	श्री दिपज्योती केवल टि.भी. प्रा. लि., महेन्दरनगर, धनुषा।
४.	श्री एस.एन. डिजिटल नेटवर्क प्रा.लि., महेन्द्रनगर, धनुषा।
५.	श्री स्मार्ट नेट कम्युनिकेशन प्रा.लि., बिहादी-५, पर्वत।

(च) अन्य अनुगमन

- २०८२ माघ ५ गते, सोमबार बिहान ११:३० बजेदेखि श्री एनसेल आजियाटा लिमिटेडद्वारा प्रवाह गरिँदै आएको इन्टरनेट, रिचार्ज, एनसेल एप लगायतका सेवाहरूमा प्राविधिक समस्या आई आंशिक रूपमा अवरुद्ध रहेको सम्बन्धी अनुगमन गरिएको।

- श्री वर्ल्डलिंक कम्युनिकेशन्स लिमिटेडलाई प्राधिकरणबाट प्राप्त गरेको नेटवर्क सेवा प्रदायक र इन्टरनेट (इमेल सहित) सेवा प्रदायकको अनुमतिपत्रहरुको शर्तहरु विपरित, साथै दूरसञ्चार ऐन, नियम, विनियम विपरित आफ्ना ग्राहकहरुलाई निजको १४००० भन्दा बढी वाईफाई हटस्पटहरुमा Mobility हुने गरी इन्टरनेट सेवा प्रदान गरिरहेको पाईएकोले सो को अनुगमन तथा निरीक्षण गरी उक्त Wifi Mobility सेवा सञ्चालन तत्काल बन्द गर्न निर्देशन दिईएको।


- Everest Base Camp र Ama Dablam Base Camp क्षेत्रहरुमा बिना अनुमति विदेशी दूरसञ्चार सेवा प्रदायक कम्पनीको इन्टरनेट सेवा उपलब्ध भएको गुनासो सम्बन्धमा अनुगमन गरिएको।

२.४.६. उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरू


(क) गुनासो सम्बोधन सम्बन्धमा

दूरसञ्चार ऐन, २०५३ को दफा ६ र दूरसञ्चार नियमावली, २०५४ को नियम २२ र २४ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूले सञ्चालन गरेको सेवाको सम्बन्धमा प्राधिकरण समक्ष उजुरी गरेमा प्राधिकरणले उजुरी उपर छानबिन गरी सुनुवाइ गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार प्राधिकरणमा आ.व. २०८२/८३ मा जम्मा ४३५ वटा गुनासोहरू प्राप्त भएकोमा सम्पूर्ण गुनासाहरूलाई सम्बोधन गरिएको छ। जसमध्ये भ्वाईस सेवा प्रदायकसँग सम्बन्धित ९६ वटा गुनासोहरू रहेका छन् भने इन्टरनेट सेवा प्रदायकसँग सम्बन्धित ३३९ वटा गुनासोहरू प्राप्त भएका छन्। यस आ.व. मा प्राप्त गुनासोहरु मध्ये सबैभन्दा धेरै गुनासो क्लासिक टेक प्रा. लि. सँग सम्बन्धित ३४.९४ प्रतिशत, एनसेल आजियाटा लिमिटेडसँग सम्बन्धित १६.३९ प्रतिशत, डिस मिडिया नेटवर्क लिमिटेडसंग सम्बन्धित १०.१२ प्रतिशत, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग सम्बन्धित ९.६४ प्रतिशत, वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडसँग सम्बन्धित ९.४० प्रतिशत र भायानेट कम्युनिकेसन्स लिमिटेडसंग सम्बन्धित ९.१६ प्रतिशत रहेको छ।त्यसैगरी प्राप्त गुनासोहरुलाई गुनासोको प्रकृतीको आधारमा हेर्दा मुख्य गुनासोहरु इन्टरनेट नचलेको, इन्टरनेटको स्पीड घटवढ, बिलिंग सम्बन्धी, नेटवर्क समस्यासंग सम्बन्धित रहेका छन्।


गुनासोको प्रकृतिको आधारमा आ.व. २०८२/८३ मा इन्टरनेट सेवा सम्बन्धमा प्राप्त गुनासो विवरण



गुनासोको प्रकृतिको आधारमा आ.व. २०८२/८३ मा भ्वाइस सेवा सम्बन्धी गुनासोको विवरण



आ.व. २०८२/८३ मा विभिन्न सेवा प्रदायकको सेवा सम्बन्धमा प्राधिकरणमा प्राप्त गुनासोको संख्या



(ख) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यक्रमहरू

विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा उपभोक्ता हित संरक्षण सम्बन्धमा अन्य नियामक निकाय तथा सरोकारवालाहरू बीच १५ मार्च २०२६ मा प्राधिकरणमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको। साथै उपभोक्ताहरूमा दूरसञ्चार सम्बन्धी सचेतना सन्देश प्रसारणको लागि मेट्रो ट्राफिक एफ.एम. सँग सम्झौता भई दूरसञ्चार सम्बन्धी सचेतना सन्देशहरू नियमित प्रसारण भइरहेको।

(ग) महसुल दर स्वीकृति सम्बन्धमा

दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम प्राधिकरणबाट आ.व. २०८२/८३ मा स्वीकृत भएको महसुल दर सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

सेवा प्रदायकको नाम	विवरण	महसुल दर (कर वाहेक)
श्री एनसेल आजियाटा लिमिटेड	Data Sangai Beema -3 Days Data Pack Price (100MB)	Rs.23.03
	Sadhain On 199 Plan Differently Abled (Data-8 GB, Call-399 Minutes, SMS-39, Validity-28 Days)	Rs.156.96
	Voice Pack (555 Mins All Net+55 SMS, Validity-28 Days)	Rs.235.83
	Voice Pack (999 Mins All net+55 SMS, Validity-84 Days)	Rs.472.45
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	Short Code 31008	Rs. 1.00
	Short Code 31125	Rs. 1.00
	Short Code 31126	Rs. 1.00
	Short Code 31124	Rs. 1.00

२.४.७. मानव संशाधन विकास सम्बन्धी कार्यहरू

प्राधिकरणमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनार तथा बैठकहरुमा कर्मचारीहरुलाई सहभागी गराइएको छ। प्राधिकरणका पदाधिकारी लगायत विभिन्न तहका कर्मचारीहरु सहभागी भएका अन्तर्राष्ट्रिय/राष्ट्रिय गोष्ठी, सेमिनार, बैठक/सम्मेलनको विवरण निम्नानुसार रहेको छ ।

आ.व.२०८२/८३ मा प्राधिकरणका पदाधिकारी/कर्मचारीहरु अन्तर्राष्ट्रिय स्तरको तालिम/कार्यक्रममा सहभागी सम्बन्धी विवरण		
क्र.सं.	कार्यक्रम/तालिमको विषय	कार्यक्रम/तालिमको मिति
1.	The 2nd Meeting of the APT Conference Preparatory Group for WRC-27 (APG27-2)	28 July – 1 August 2025
2.	ITU Academy – Economy through E-waste Policy and Producer Action	4 – 8 August 2025
3.	The Meeting of the South Asian Telecommunication Regulators' Council Working Group on Spectrum	12 – 14 August 2025
4.	Global Symposium for Regulators (GSR-25)	31 Aug- 3 Sept 2025
5.	The 2025 Regional CyberDrill for Asia and the Pacific Region	2 - 5 September, 2025
6.	The 35th Meeting of the APT Wireless Group (AWG-35)	8-12 Sep, 2025
7.	The 5th Meeting of the APT Preparatory Group for WTDC-25 (APT WTDC25-5)	15-19 Sep, 2025
8.	20th ITU World Telecommunication/ICT Indicators Symposium, 16th meeting of the Expert Group on Telecommunication/ICT Indicators	22-26 Sept, 2025
9.	The Meeting of the SATRC Working Group on Policy, Regulation and Services	23-25 Sep, 2025
10.	APT Training Course on Bridging the Digital Divide with LEO Satellites: Unlocking the Future of Connectivity, 5G and IoT	23-26 Sept2025
11.	5G and IoT Network Infrastructures integrated with AI ingredients to deliver future values (Phase II: Face-to-Face Training)	7 – 11 October,2025
12.	The 22nd APT Telecommunication/ICT Development Forum (ADF-22)	13 - 15 October, 2025
13.	Empowering Women to Leadership in Cyber	September 28-9 October, 2025
14.	AI, 5G and Emerging Technologies Training	20-31 October, 2025
15.	The 26th Meeting of South Asian Telecommunication Regulators' Council (SATRC-26)	5-7 Nov, 2025
16.	The World Telecommunication Development Conference 2025 (WTDC-25)	17-28 November, 2025
17.	PTC's 48th Annual Conference, PTC 26	18–21 January, 2026
18.	The 3rd Meeting of the APT Preparatory Group for the ITU Plenipotentiary Conference	30 March – 2 April 2026
19.	Training Programme on Fundamental of Actuarial Valuation	9-12 April 2026
20.	The 36th Meeting of the APT Wireless Group (AWG-36)	6 – 10 April 2026
21.	The 38th APT Standardization Program Forum (ASTAP-38)	20-24 April 2026

आ.व.२०८२/८३ मा प्राधिकरणका पदाधिकारी/कर्मचारीहरु राष्ट्रिय स्तरको तालिम/कार्यक्रममा सहभागी सम्बन्धी विवरण			
क्र.सं.	कार्यक्रम/तालिमको विषय	कार्यक्रम/ तालिमको मिति	कैफियत
1.	VAT Act, Income Tax Act Related Training	16-17 Bhadra 2082	NTA (In House)
2.	Training Programme on Right to Information	18-21 Kartik 2082	NASC, Jawalakhel
3.	Training Programme on E-governance and Cyber Security in the Context of Federal Nepal	24-28 Kartik 2082	NASC, Jawalakhel
4.	Training Programme on Creating Gender Friendly Environment	8-12 Mangsir 2082	NASC, Jawalakhel
5.	Cyber Security Upskilling Training program	14-20 Mangsir 2082	Nepal Engineers Association
6.	Training Programme on Negotiation Skills	15-18 Mangsir 2082	NASC, Jawalakhel
7.	Executive Development Workshop on Translating Strategy into Results	11-15 Falgun 2082	NASC, Jawalakhel
8.	Training Programme on Leadership Excellence for Women Managers	9-11 Baisakh 2083	NASC, Jawalakhel

२.४.८. प्राधिकरणका निर्देशन तथा निर्णयहरू

(क) श्री निर्वाचन आयोग नेपालको अनुरोधमा निर्वाचन आचार संहिता, २०८२ को बर्खिलाप हुने गरी कार्य गरेका वेबसाइटहरू बन्द गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको ।

(ख) Nepal Clearing House Ltd को अनुरोधमा ConnectIPS सँग सम्बन्धित Phishing Website हरू बन्द गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको ।

(ग) नेपाल प्रेस काउन्सिलको अनुरोधमा नियमानुसार दर्ता नभएका/प्रचलित कानूनको उल्लंघन गरेका News Portal नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्था मिलाउन सेवा प्रदायकहरूलाई निर्देशन दिइएको। साथै नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्था मिलाउन सेवा प्रदायकहरूलाई निर्देशन दिइएका News Portal हरुमध्ये नियमानुसार दर्ता हुन आएका र त्यस्ता News Portal नेपालभित्र सम्प्रेषण हुन सक्ने व्यवस्था मिलाउन नेपाल प्रेस काउन्सिलबाट लेखि आए बमोजिम सेवा प्रदायकहरूलाई निर्देशन दिंदै आएको।

(घ) नेपाल सरकारको निर्णय बमोजिम सट्टेबाजी एप (Betting App) र त्यस सम्बन्धी वेबसाइटहरु बन्द गर्न मोवाइल तथा इन्टरनेट सेवा प्रदायकहरूलाई निर्देशन जारी गरिएको र उक्त निर्देशन बमोजिम प्रमुख सेवा प्रदायकहरूबाट करिब २ लाख Website Link/URL हरु बन्द

गरिएको छ। Betting Sites लगायत Phishing Site हरू बन्द भए नभएको विषयमा नियमित अनुमगन गर्ने कार्य हुँदै आएको।

(ङ) हालसम्म निम्न बमोजिमका २६ वटा Betting App हरू बन्द गर्न निर्देशन दिइएको।

1xBet	BetWinner	PariMatch	Stake	Melbet	Ice Fishing Melbet
Megapari	888Starz	Crickex	Juwa 365	4rabet	Vegas Sweeps
Bet365	Linebet	Dafabet	22Bet	Orion Stars	Game Vault
Fire Kirin	1Win	Panda Master	Hima bet	EVO Bet	gamdom.com
Forebet	Mostbet				

२.४.९. साइबर सुरक्षा सम्बन्धी

(क) Bulk/Alert SMS/भ्वाइस कलमार्फत हुने अनधिकृत/फिसिङ (Phishing) सन्देश तथा डिजिटल फ्रड नियन्त्रण सम्बन्धी विनियमावली, २०८३ को मस्यौदा तयार भई प्राधिकरणमा पेश भएको।

(ख) SMS/भ्वाइस कलमार्फत हुने अनधिकृत/फिसिङ (Phishing) सन्देश तथा डिजिटल फ्रड सम्बन्धमा सम्मानित अदालतबाट उठान भएका विषयमा प्राधिकरणको धारणा सम्मानित अदालतमा पेश भएको।

(ग) प्राधिकरणको साइबर सुरक्षा विनियमावली, २०७७ बमोजिम आ.व. २०८२/८३ को लागि IS तथा Cloud Auditor Roster मा सूचिकृतका लागि आवेदनहरू माग गरी स्वीकृत Eligibility criteria अनुसार मूल्याङ्कन भई IS तथा Cloud Auditor Roster को सूची प्राधिकरणको वेबसाइटमा प्रकाशन भएको।

(घ) मिति २०८२/०४/१२ मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको 4G (Data/VoLTE) सेवा तथा बिलिङ्ग प्रणालीमा आएको समस्या सम्बन्धी घटनाको अध्ययन गरी सो को कारण, प्रभाव तथा सुधारात्मक सिफारिस सहितको प्रतिवेदन पेश गरिएको।

(ङ) मिति २०८२/०६/०९ मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको Online Charging System (OCS) तथा बिलिङ्ग प्रणालीमा आएको समस्या सम्बन्धी घटनाको अध्ययन गरी सो को कारण, प्रभाव तथा सुधारात्मक सिफारिस सहितको प्रतिवेदन पेश गरिएको।

(च) मिति २०८२/०८/१६ मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मोबाइल डेटा सेवा अवरुद्ध तथा बिलिङ्ग प्रणालीमा आएको समस्या सम्बन्धी घटनाको निरीक्षण/अध्ययन गरी कारण


पहिचान, निर्देशनको पालना मूल्याङ्कन तथा सुधारात्मक सिफारिस सहितको प्रतिवेदन पेश गरिएको।

२.४.१०. दूरसञ्चार क्षेत्रबाट नेपाल सरकारलाई प्राप्त गैरकर राजश्व

(क) आ.व. २०८२/८३ मा प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिहरुबाट रोयल्टी वापत रु.३ अर्ब १७ करोड ६२ लाख, फ्रिक्वेन्सी दस्तुर वापत रु.३ अर्ब ९१ करोड ८३ लाख, दूरसञ्चार सेवा दस्तुर वापत रु.७ अर्ब ५१ करोड ८६ लाख र टेलिफोन स्वामित्व शुल्क वापत रु.१ अर्ब २९ करोड २ लाख गरी कुल रु.१५ अर्ब ९० करोड ३३ लाख नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ भने ग्रामीण दूरसञ्चार विकास कोष वापत रु.१ अर्ब ६८ करोड ५ लाख प्राधिकरणको खातामा दाखिला भएको। दूरसञ्चार क्षेत्रबाट नेपाल सरकारलाई प्राप्त भएको गैरकर राजश्वहरुको विगत ५ आर्थिक वर्षको तुलनात्मक विवरण निम्नानुसार रहेको छ।

सेवा प्रदायकहरूबाट विगत पाँच वर्षमा RTDF, रोयल्टी, फ्रिक्वेन्सी दस्तुर, दूरसञ्चार सेवा दस्तुर र टेलिफोन स्वामित्व शुल्क दाखिला सम्बन्धी विवरण (रु.लाखमा)

शिर्षक	आर्थिक वर्ष				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
ग्रामीण दूरसञ्चार विकास कोष	१,७५,३१	१,७१,७५	१,७४,२७	२,३२,०४	१,६८,०५
रोयल्टी	३,५०,६२	३,४५,२७	३,४०,१२	३,४४,४९	३,१७,६२
फ्रिक्वेन्सी दस्तुर	३,५२,३४	३,५२,२९	३,५०,९९	४,००,२८	३,९१,८३
दूरसञ्चार सेवा दस्तुर	९,५५,०९	७,३८,९७	६,७०,३१	७,२१,३७	७,५१,८६
टेलिफोन स्वामित्व शुल्क	१,४२,०८	१,३६,०५	१,६७,५८	१,१७,५९	१,२९,०२
जम्मा	**१९,७५,४४**	**१७,४४,३३**	**१७,०३,२७**	**१८,१५,७७**	**१७,५८,३८**



(ख) दूरसञ्चार ऐन, २०५३ को दफा ३२ मा भएको "अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्ने" प्रावधान बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आर्थिक वर्ष २०८१/८२ मा प्राप्त गरेको वार्षिक आयको ४ प्रतिशतले हुने रोयल्टी रकम वापत रु. ३ अर्ब १७ करोड ६१लाख ८५ हजार ५३३ रुपैया र ०७ पैसा यस आ.व.मा नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ। आ.व. २०८१/८२ को वार्षिक आयको आधारमा आ.व. २०८२/८३ मा सेवा प्रदायकहरुले नेपाल सरकारको राजश्व खातामा दाखिला गरेको रोयल्टीको विस्तृत विवरण निम्नानुसार रहेको छ।

नेपाल सरकारलाई बुझाएको रोयल्टी (थप दस्तुर सहित) सम्बन्धी विवरण

S.N.	Name of the Licensee	Royalty (In NPR)
1.	Access World Tech Pvt. Ltd.	117,941.00
2.	Air Network Pvt. Ltd.	21,122.00
3.	AirLink Communication Service Provider Pvt. Ltd.	99,844.00
4.	C. G. Communications Pvt. Ltd.	27,139,563.24
5.	City Net Pvt. Ltd.	21,200.00
6.	Clean Network Pvt. Ltd.	43,475.76
7.	Constellation Pvt. Ltd.	112,253.00
8.	Cosmic Net Pvt. Ltd.	180,833.14

9.	D.G. Link network Pvt. Ltd.	385,641.90
10.	Direct Media Pvt. Ltd.	424.00
11.	Chitrawan Unique Net Pvt. Ltd.	3,925,149.00
12.	EastLink Technology Pvt. Ltd.	101,000.00
13.	E-link Net Pvt. Ltd.	279,707.00
14.	Everest Link Pvt. Ltd.	122,652.16
15.	Fiber Net Communications Pvt. Ltd.	468,574.40
16.	Fiberworld Communication Pvt. Ltd.	3,143,312.00
17.	Himalayan Online Services Pvt. Ltd.	50,000.00
18.	I.B. System Solution Nepal Pvt. Ltd.	245,059.30
19.	I4 Technologies Pvt. Ltd.	115,460.00
20.	Interweb Network Pvt. Ltd.	142,155.00
21.	Konnect Nepal Networks Pvt. Ltd.	4,124,294.00
22.	Mercantile Communications Pvt. Ltd.	7,090,897.95
23.	Meta Link Pvt. Ltd.	154,205.00
24.	Metrolink Business Group Pvt. Ltd.	172,560.00
25.	Ncell Axiata Limited	1,299,328,450.09
26	Nepal Air Link Pvt. Ltd.	76,000.00
27.	Nepal Doorsanchar Company Limited	1,341,854,667.00
28.	Nepalink Communication Pvt. Ltd.	100,526.80
29.	Oasis Broadband Internet Pvt. Ltd.	186,489.00
30.	Pathibhara Network Pvt. Ltd.	87,817.42
31.	Pokhara Internet Pvt. Ltd.	1,500,000.00
32.	Sajilo Net Pvt. Ltd.	2,930,493.43
33.	Shikhar Net Pvt. Ltd.	61,068.04
34.	Simrik Internet Pvt. Ltd.	52,940.00
35..	Sinko I.T. Engineering Pvt. Ltd.	173,090.00
36.	SITA BV	351,208.33
37.	Sky Broadband Pvt. Ltd.	820,956.00

38.	Sustainable Network Pvt. Ltd.	62,695.00
39.	Swift Net Pvt. Ltd.	206,794.00
40.	Swift Networks and Communication Pvt. Ltd.	31,711.14
41.	Syangja Media Pvt. Ltd.	126,828.77
42.	Udaya Cable Network Pvt. Ltd.	39,114.00
43.	Unite Networks Pvt. Ltd.	1,006,779.02
44.	Waling Internet Pvt. Ltd.	522,400.00
45.	Web Networks Pvt. Ltd.	374,179.00
46.	Wifi Nepal Pvt. Ltd.	5,668,311.00
47.	World Fiber Net Pvt. Ltd.	411,776.82
48.	Worldlink Communications Limited	471,952,000.00
49.	Zishan Network Pvt. Ltd.	1,914.36
Grand Total		**3,176,185,533.07**

(ग) दूरसञ्चार ऐन, २०५३ को दफा ३०(४) बमोजिम ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र संचालनका लागि प्राधिकरणले खडा गरेको ग्रामीण दूरसञ्चार विकास कोषमा अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको प्राधिकरणले तोके बमोजिमको रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नु पर्ने प्रावधान बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आर्थिक वर्ष २०८१/८२ मा प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतले हुने ग्रामीण दूरसञ्चार विकास कोष वापतको रकम रु. १ अर्ब ६८ करोड ५ लाख २४ हजार ५६४ रुपैया र ३९ पैसा यस आ.व.मा ग्रामीण दूरसञ्चार विकास कोषमा दाखिला भएको छ। आ.व. २०८१/८२ को वार्षिक आयको आधारमा आ.व. २०८२/८३ मा सेवा प्रदायकहरुबाट प्राप्त भएको ग्रामीण दूरसञ्चार विकास कोष वापतको आयको विस्तृत विवरण निम्नानुसार रहेको छ।

S.N.	Name of the Licensee	RTDF (In NPR)
1.	Access World Tech Pvt. Ltd.	58,971
2.	Air Network Pvt. Ltd.	10,561
3.	AirLink Communication Service Provider Pvt. Ltd.	49,922
4.	C. G. Communications Pvt. Ltd.	13,130,692
5.	City Net Pvt. Ltd.	10,600
6.	Clean Network Pvt. Ltd.	21,912

7.	Constellation Pvt. Ltd.	56,127
8.	Cosmic Net Pvt. Ltd.	90416.57
9.	D.G. Link network Pvt. Ltd.	192,820.97
10.	Direct Media Pvt. Ltd.	232.32
11.	Dish Media Network Limited	50,233,635
12.	Chitrawan Unique Net Pvt. Ltd.	1,962,575
13.	EastLink Technology Pvt. Ltd.	50,500
14.	E-link Net Pvt. Ltd.	139,854
15.	Everest Link Pvt. Ltd.	61,326
16.	Fiber Net Communications Pvt. Ltd.	234,288
17.	Fiberworld Communication Pvt. Ltd.	3,143,312
18.	Himalayan Online Services Pvt. Ltd.	50,000
19.	I.B. System Solution Nepal Pvt. Ltd.	122,897.9
20.	I4 Technologies Pvt. Ltd.	57,730
21.	Interweb Network Pvt. Ltd.	71,077
22.	Konnect Nepal Networks Pvt. Ltd.	2,062,147
23.	Mercantile Communications Pvt. Ltd.	3,545,448.97
24.	Meta Link Pvt. Ltd.	77,103
25.	Metrolink Business Group Pvt. Ltd.	86,276.08
26.	Ncell Axiata Limited	649,664,225.1
27.	Nepal Air Link Pvt. Ltd.	37,640
28.	Nepal Doorsanchar Company Limited	670,927,333
29.	Nepalink Communication Pvt. Ltd.	50,263.4
30.	Nimble Network Pvt. Ltd.	1,209
31.	Oasis Broadband Internet Pvt. Ltd.	94,910
32.	Pathibhara Network Pvt. Ltd.	43,909
33.	Sajilo Net Pvt. Ltd.	1,509,263.47
34.	Shikhar Net Pvt. Ltd.	30,534.02
35.	Simrik Internet Pvt. Ltd.	26,470
36.	Sinko I.T. Engineering Pvt. Ltd.	86,545

37.	SITA BV	175,588.65
38.	Sky Broadband Pvt. Ltd.	410,478
39.	Sustainable Network Pvt. Ltd.	31,350
40.	Swift Net Pvt. Ltd.	103,397
41.	Swift Networks and Communication Pvt. Ltd.	15,855.57
42.	Syangja Media Pvt. Ltd.	63,414.38
43.	Udaya Cable Network Pvt. Ltd.	19,557
44.	Unite Networks Pvt. Ltd.	474,640.45
45.	Vianet Communications Limited	41,706,540
46.	Waling Internet Pvt. Ltd.	261,200
47.	Web Networks Pvt. Ltd.	187,090
48.	Wifi Nepal Pvt. Ltd.	2,834,156
49.	Wifi Tech Nepal Pvt. Ltd	65,725
50.	World Fiber Net Pvt. Ltd.	205,888.408
51.	Worldlink Communications Limited	235,976,000
52.	Zishan Network Pvt. Ltd.	957.18
Grand Total		**1,680,524,564.39**

(घ) दूरसञ्चार सेवामा प्रयोग हुने फ्रिक्वेन्सीहरू प्रयोग गरे वापत विभिन्न सेवा प्रदायकहरूबाट आर्थिक वर्ष २०८२/८३ मा रु. ३ अर्ब ९१ करोड ८२ लाख ८० हजार ५०० रुपैया रकम नेपाल सरकारको राजस्व खातामा दाखिला भएको छ। यस सम्बन्धी विस्तृत विवरण निम्नानुसार रहेको छ।

आ.व.२०८२/८३ मा सेवा प्रदायकहरूले नेपाल सरकारलाई बुझाएको फ्रिक्वेन्सी दस्तुर (थप दस्तुर सहित) सम्बन्धी विवरण

S.N.	Name of the Licensee	Frequency Fee (In NPR)
1.	Nepal Doorsanchar Company Limited	1,948,532,400
2.	Ncell Axiata Limited	1,969,539,000
3.	I4 Technologies Pvt. Ltd.	64,000
4.	Constellation Pvt. Ltd.	112,000
5.	Mercantile Communications Pvt. Ltd.	4,000

6.	SITA BV	1,000
7.	Butwal Power Company Ltd.	1,000
8.	Nepal Investement Bank	24,000
9.	Bhote Koshi Power Company Limited	1,000
10.	SSVC Radio Kathmandu Pvt. Ltd.	1,100
11.	Verisk Nepal Pvt.Ltd	1,000
Grand Total		**3,918,280,500**

(ङ) **टेलिफोन स्वामित्व शुल्क**- आर्थिक ऐन, २०८२ को दफा १३ को उपदफा (४) बमोजिम टेलिफोन स्वामित्व शुल्कको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था प्राधिकरणवाट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा टेलिफोन स्वामित्व शुल्क वापत रु. १ अर्ब १७ करोड ५८ लाख ७८ हजार ४४० र पैसा ३४ मात्र नेपाल सरकारको राजश्व प्राप्त भएकोमा आर्थिक वर्ष २०८२/८३ मा दूरसञ्चार सेवा प्रदायकहरुवाट रु. १ अर्ब २९ करोड १ लाख ८५ हजार ९७८ र पैसा ६५ मात्र नेपाल सरकारको राजश्व खातामा जम्मा भएको छ।

(च) **दूरसञ्चार सेवा दस्तुर** - आर्थिक ऐन, २०८२ को दफा १४ को उपदफा ५ बमोजिमको दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था प्राधिकरणवाट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा दूरसञ्चार सेवा दस्तुर वापत रु. ७ अर्ब २१ करोड ३६ लाख ७१ हजार ६२० र पैसा ६९ मात्र नेपाल सरकारको राजश्व प्राप्त भएकोमा आर्थिक वर्ष २०८२/८३ मा दूरसञ्चार सेवा प्रदायकहरुवाट रु. ७ अर्ब ५१ करोड ८६ लाख २४ हजार ८६ र पैसा ७५ मात्र नेपाल सरकारको राजश्व खातामा जम्मा भएको छ।

२.४.११. अन्य

(क) सबैका लागि पूर्व सूचना (Early Warning for All) को राष्ट्रिय मार्गचित्रको मस्यौदाको स्तम्भ-३ (पूर्व सूचनाको प्रचार प्रसार) अन्तर्गतका गतिविधिहरु एवंम् अनुमानित बजेट माथि छलफल गर्न मिति २०८३ वैशाख ९ गते ITU, GSMA, विभिन्न मन्त्रालय, विभाग, प्राधिकरण, नेपाली सेना, प्रहरी, दूरसञ्चार सेवा प्रदायकहरू, नेपाल स्थित संयुक्त राष्ट्रसंघीय कार्यालयहरुका प्रतिनिधिहरु सहित एक दिने छलफल कार्यक्रम आयोजना भएको र उक्त छलफल कार्यक्रमको प्रतिवेदन अन्तर्राष्ट्रिय दूरसञ्चार संघ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरिएको।

(ख) प्राधिकरणको समन्वयमा ITU Mission अन्तर्गत अन्तर्राष्ट्रिय दूरसञ्चार संघबाट 26-28 May 2026 सम्म भएको भ्रमणमा श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार कम्पनी

लिमिटेड, एनसेल आजियाटा लिमिटेड, ई-गभर्नेन्स बोर्ड, राष्ट्रिय आविस्कार केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायत विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग समन्वय गरी बैठक सञ्चालन गरिएको।

२.५. प्राधिकरणसंग सम्बन्धित मुद्दाहरू र जरिवाना तथा कारबाहीहरू

२.५.१. प्राधिकरणका बिरुद्द अदालतमा दायर भएका मुद्दाहरु

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म प्राधिकरणलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर भई विचाराधीन अवस्थामा रहेका मुद्दाहरुको संख्या २४ वटा रहेकोमा आ.व.२०८२/८३ को अन्त्य सम्ममा विचाराधिन मुद्दाहरुको संख्या ३३ रहेको छ। यस आ.व.मा प्राधिकरणलाई विपक्षी बनाई दायर भएका २१ वटा मुद्दाहरु फैसला भएका छन्। विचाराधीन रहेका मुद्दाहरु र फैसला भएका मुद्दाहरुको विस्तृत विवरण अनुसूची–४. र अनुसूची–५. मा प्रस्तुत गरिएको छ।

२.५.२. कारबाही तथा जरिवाना सम्बन्धी विवरण

(क) प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरुले निजहरुलाई प्रदान गरिएको अनुमतिपत्रको शर्तहरुको पालना नगरेको लगायतका विषयमा दूरसञ्चार ऐन, २०५३ को दफा ४७ बमोजिम आ.व. २०८२/८३ मा निम्नानुसार सेवा प्रदायकहरुलाई कारबाही गरिएको छ।

क्र.सं.	सेवा प्रदायकहरुको नाम	कारबाहीको व्यहोरा
१.	Wifi Nepal Pvt. Ltd.	प्राधिकरणबाट स्वीकृत नगरिएको महसुलदर सहितको प्याकेज बिज्ञापन गरेको देखिएको साथै प्राधिकरणबाट दिएको आदेश वा निर्देशन पालना नगरेकोले उक्त प्रा.लि.लाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजिम रु.१,००,०००।- जरिवाना गरिएको।
२.	Worldlink Communications Limited	अनुमतिपत्रको शर्त विपरित कार्य गरेको पाइएकोले उक्त लिमिटेडलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७ (२) बमोजिम रु.५१,०००।- जरिवाना गरिएको।
		अनुमतिपत्रको शर्त विपरित IPLC Bandwidth आयात गरेको हुँदा निज लिमिटेडलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७ (२) बमोजिम रु. ५१,०००/- (अक्षेरूपी एकाउन्न हजार रुपैंया मात्र) जरिवाना गरिएको।

३.	Subisu Limited	Ka Band को फ्रिक्वेन्सी प्राधिकरणबाट अनुमति नलिई परीक्षण गरेकोले उक्त लिमिटेडलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७ (२) बमोजिम रु.५१,०००।- जरिवाना गरिएको।

(ख) आ.व. २०८०/८१ को आय व्ययको विवरण मान्यता प्राप्त लेखा परिक्षकद्वारा लेखापरीक्षण गर्न लगाई प्राधिकरण समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले निम्न सेवा प्रदायकहरूलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७ (२) बमोजिम रु.१,००,०००।- जरिवाना गरिएको।

१.	Arrownet Pvt. Ltd.
२.	Broadband Solutions Pvt. Ltd
३.	Clean Network Pvt. Ltd.
४.	Cosmic Net Pvt. Ltd.
५.	Direct Media Pvt. Ltd.
६.	Divine Stream Network Pvt. Ltd.
७.	Everest Wireless Network Pvt. Ltd.
८.	Goreto Communication Pvt. Ltd.
९.	Internet Harbor Pvt. Ltd.
१०.	Itel Networks Pvt. Ltd.
११.	Janaki Net Pvt. Ltd.
१२.	Kalika Net Pvt. Ltd.
१३.	Kriti Darshan Media Pvt. Ltd.
१४.	Kshireshwar Network Pvt. Ltd.
१५.	Nepal Net Sanchar Pvt. Ltd.
१६.	Numbur Network Pvt. Ltd.
१७.	Prime Network Pvt. Ltd.
१८.	Shangrila Informatics Pvt. Ltd.
१९.	Ultranet Communication Pvt. Ltd.
२०.	Unified Communication Pvt. Ltd.
२१.	Unite Networks Pvt. Ltd.

(ग) श्री दुधमती इन्टरनेट प्रा.लि. ले प्राधिकरणबाट इन्टरनेट सेवा सञ्चालनको अनुमतिपत्र नलिई उपकरण प्रयोग गरेको, आफ्नै नाममा होडिंग वोर्ड राखेको, तथा Optical Fiber विस्तार लगायतका कार्य गरेको खुल्न आएकाले दूरसञ्चार ऐन, २०५३ को दफा २१ को प्रावधान बमोजिम कसैले पनि अनुमतिपत्र नलिई सेवा संचालन गर्न नपाउने र निज कम्पनीले प्राधिकरणमा पेश गरेको स्पष्टिकरण चित्त बुझ्दो नभएकोले निज कम्पनीलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजम रु. २,००,०००।- जरिवाना गरिएको।

२.६. बेरुजु फछ्यौंट सम्बन्धी विवरणः

प्राधिकरणबाट असुल उपर गर्नुपर्ने प्रकृतिका बेरुजुहरूका सम्बन्धमा लगत तयार गरी केही बेरुजुहरूको समपरीक्षण गरिएको छ। सैद्दान्तिक तथा नियमित गर्नुपर्ने बेरुजु फछ्यौंट गर्ने कार्य नियमित रुपमा हुदै आएको छ। आ.व. २०८२/८३ सम्म प्राधिकरणको बेरुजु रु. १६ अर्ब ४८ करोड ४८ लाख ९२ हजार ७३९ रुपैया ५५ पैसा रहेको छ।

२.७. अवसर र चुनौतीहरू

दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्ने उद्देश्यले अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा स्थापित प्राधिकरणमा विद्यमान अवसर र चुनौतीहरु देहाय बमोजिम रहेका छन्।

(क) अवसर

- ग्रामीण दूरसञ्चार विकास कोष परिचालनको जिम्मेवारी प्राधिकरणलाई प्रदान भएको सन्दर्भमा ग्रामीण क्षेत्रको दूरसञ्चार सेवा विस्तारमा प्राधिकरणले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ।
- दूरसञ्चार विषयमा नेपाल सरकारबाट प्राधिकरणलाई सल्लाहकारको भूमिका दिएको हुँदा नीति निर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउने, आवश्यक अध्ययन अनुसन्धान गर्ने अवसर पाएको छ।
- डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गत डिजिटल आधार (Digital Foundation) निर्माणको जिम्मेवारीले देशको डिजिटल पूर्वाधारमा योगदान गर्ने अवसर प्रदान गर्दछ।
- डिजिटल कनेक्टिभिटीद्वारा समावेशी सामाजिक, आर्थिक विकासमा योगदान पुर्‍याउँदै रूपान्तरणलाई प्रोत्साहन गर्ने र डिजिटल साक्षरता, समावेशीकरण र पहुँचयोग्य सेवा प्रवर्द्धन तथा विस्तारको अवसर रहेको छ ।
- नीतिहरूको समयानुकूल परिमार्जनद्वारा मूल्यकेन्द्रित, दिगो सेवा प्रवाहका लागि सक्षम वातावरण सिर्जना गर्न सकिने छ। 5G, Cloud Computing, AI जस्ता नयाँ प्रविधिहरूलाई

समावेश गरी प्राधिकरणले मूल्य-केन्द्रित, नवीनतम सेवा प्रवाहलाई अघि बढाउन सक्ने अवसर छ ।

- प्रविधि र सेवाको Convergence र Digital Regulation को अवधारणाद्वारा प्राधिकरणले दूरसञ्चार क्षेत्रमा प्रभावकारी नियमन सुनिश्चित गर्न सक्छ।
- ITU, APT, SATRC जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरी प्राधिकरणले विश्वस्तरीय नियामक मापदण्डहरू विकास गर्न सक्छ।

(ख) चुनौती

- दूरसञ्चार सेवालाई भरपर्दो, सुरक्षित, दिगो एवं पहुँचयोग्य बनाउदै लैजानको लागि आधुनिक सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र संचालनमा निजी क्षेत्रको सहभागितालाई थप प्रभावकारी बनाउनु।
- नेपाल सरकारले जारी गरेको डिजिटल नेपाल फ्रेमवर्क अनुरुपको डिजिटल पुर्वाधार निर्माण गर्न भौगोलिक जटिलता, पर्याप्त वित्तीय स्रोत तथा लगानीको अभावले पूर्वाधार विकासमा अवरोध हुनु, दूरसञ्चार सेवा प्रदायकहरू बीच आवश्यक समन्वय र प्रतिस्पर्धात्मक सन्तुलनमा कठिनाइ हुनुका साथै साइबर सुरक्षा र डेटा गोपनीयताको सुनिश्चितता गर्नु।
- दूरसञ्चार पूर्वाधारको विकास, विस्तार र सहप्रयोग गर्दै दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउदै सर्वसुलभ दूरसञ्चार सेवाको प्रत्याभूति गर्नु।
- लगानीमैत्री वातावरण बनाउदै दूरसञ्चार क्षेत्रमा नयाँ लगानीकर्ता भित्र्याई दूरसञ्चार क्षेत्रमा बहु-सेवा प्रदायकहरू मार्फत उपभोक्ताको छनौटको अधिकारलाई सुनिश्चित गर्नु।
- दूरसञ्चार क्षेत्रमा विद्यमान करको भारले गर्दा सेवा प्रदायकको सञ्चालन खर्च बढ्नुका साथै दूरसञ्चार सेवाको मूल्य प्रभावित भएको सन्दर्भमा दूरसञ्चार सेवाको दिगो विकास गर्नुका साथै प्रविधि मैत्री वातावरणमा नवीनतम सेवालाई आन्तरिकिकरण गर्नु।
- मोबाइल (भ्वाईस) सेवा प्रदायकहरूको आय निरन्तर घट्दा व्यवसायमा चुनौतीहरू बढ्दै जाने र व्यवसाय बन्द हुने सम्भावना देखिएको सन्दर्भमा सेवा प्रदायकहरूको आयको स्तर कायम गर्दै आगामी दिनमा सञ्चालन आयमा वृद्धी गर्ने नियामकीय उपकरणहरू प्रयोगमा ल्याउनु।
- मोवाइल सेवा प्रदायकहरूमा State Giant Operator (Duopoly) अवस्थाले बजार प्रतिस्पर्धामा सिमितता आउनु।
- सार्वजनिक-निजी साझेदारी मोडल विकास हुँदै जाँदा सहयोग र स्रोत उपयोगमा न्याय र प्रतिस्पर्धामा सन्तुलन कायम गर्नु।
- मोबाइल सेवाबाट प्राप्त हुने राजस्व बढाई सेवा प्रदायकहरूको वित्तीय दिगोपना कायम गराउनु।

२.८. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

दूरसञ्चार ऐन, २०५३ को दफा ४५ बमोजिम प्राधिकरणले कार्य संचालन गर्नको लागि प्रत्येक आर्थिक वर्ष आफ्नो बजेट तयार गरी स्वीकृत गर्नु पर्ने र दूरसञ्चार नियमावली, २०५४ को नियम ३४(ग) बमोजिम प्राधिकरणले तयार गरेको वार्षिक कार्यक्रम मन्त्रालयको सहमति लिई प्राधिकरणबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ। प्राधिकरणबाट आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन अपेक्षाकृत नहुनुका विभिन्न कारणहरु मध्ये प्राधिकरणको वार्षिक कार्यक्रम समयमै सहमती प्राप्त नहुनु, प्राधिकरणका काम कारबाहीमा छानविन/अनुसन्धान गर्ने निकायहरुले यस आ.व.मा प्राधिकरणबाट सञ्चालित परियोजनाहरुमा गरेको छानविन/अनुसन्धान/जाँचवुझ/मुद्दा दायर लगायतका गतिविधिले प्राधिकरणमा जनशक्ति व्यवस्थापनमा समस्या हुन गई कार्यक्रम कार्यान्वयनमा समस्या सिर्जना हुनु, विभिन्न कारणले प्राधिकरणमा कार्यरत जनशक्तिलाई अतिरिक्त कार्यबोझ समेत थप हुनु जस्ता विषयहरु प्रमुख कारणहरु रहेका छन्। कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानको लागि मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा प्राधिकरण सामु रहेका समस्याहरु प्रस्तुतिकरण गरिएको छ। समस्याग्रस्त परियोजना कार्यान्वयन गर्ने सम्वन्धमा तटस्थ विज्ञ परामर्श सेवा लिइएको छ। परामर्शदाताहरुबाट प्राप्त परामर्श वमोजिम प्राधिकरणमा हाल विद्यमान रहेका समस्या समाधान गर्न प्रयास गरिएको छ। आ.व. २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये कार्यक्रम कार्यान्वयन गर्दा भविष्यमा कानूनी समस्या सिर्जना हुने तथा कार्यक्रम कार्यान्वयनको लागि स्पष्ट कानूनी आधार नभएका वार्षिक कार्यक्रमहरु स्थगन समेत गरिएको छ।

परिच्छेद -३ राजस्व र आय

३.१. आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम

दूरसञ्चार ऐन, २०५३ को दफा ४४ बमोजिम प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुने र सो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, अनुमतिपत्र दस्तुर तथा त्यसको नवीकरण, संशोधन, बिक्री वा हक हस्तान्तरण दस्तुर वापत प्राप्त रकम, विदेशी सरकार वा संघ, संस्थाबाट अनुदान स्वरुप प्राप्त रकम र अन्य कुनै श्रोतबाट प्राप्त रकम प्राधिकरणको कोषका श्रोतहरु हुने व्यवस्था रहेको छ।

आ.व. २०८२/८३ मा अनुमतिपत्र दस्तुर अन्तर्गत आधारभूत दूरसञ्चार सेवाको अनुमतिपत्र दस्तुर वापत रु. ६ करोड २६ लाख ३३ हजार, जि.एस.एम. सेलुलर मोवाईल सेवाको अनुमतिपत्र दस्तुर वापत रु. ४ अर्ब ४ करोड २० लाख, इन्टरनेट सेवाको अनुमतिपत्र दस्तुर वापत रु. ५८ लाख ९८ हजार र नेटवर्क सेवा प्रदायकको अनुमतिपत्र दस्तुर वापत रु. १ करोड २४ लाख, जि.एम.पि.सि.एस. सेवा वापत रु. ५ लाख ६० हजार, अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा सेवाको अनुमतिपत्र दस्तुर वापत रु. १ करोड १२ लाख ५० हजार, भिस्याट सेवा अनुमतिपत्र दस्तुर वापत रु. ७८ हजार गरी कुल रु. ४ अर्ब १३ करोड ४८ लाख १९ हजार प्राप्त हुने अनुमान गरिएकोमा आ.व. २०८२/८३ मा अनुमतिपत्र दस्तुर वापत रु. ४ अर्ब १४ करोड ९२ लाख ८४ हजार आय प्राप्त भएको, व्याज आम्दानी वापत रु. ४ करोड ३८ लाख ६८ हजार हुने अनुमान गरिएकोमा रु. १५ करोड ११ लाख २ हजार, विविध आय तर्फ रु. ३६ लाख ७६ हजार हुने अनुमान गरिएकोमा रु. ३१ लाख ९२ हजार गरी कुल आय रु. ४ अर्ब ३० करोड ३५ लाख ७८ हजार आम्दानी प्राप्त भएको छ।

प्राधिकरणको आन्तरिक आयको वर्गिकरण र प्राप्त रकमको संक्षिप्त विवरण (रु. लाखमा)

नेपाल दूरसञ्चार प्राधिकरण तर्फ				
आर्थिक वर्ष		लक्ष्य	प्राप्त रकम	प्रगती
२०८२/८३	अनुमतिपत्र दस्तुर	४,१३,४८	४,१४,९३	१००.३५%
	व्याज आम्दानी	४,३९	१५,११	३४४.१९%
	अन्य	३२	३२	१००.००%
	जम्मा	**४,१८,१९**	**४,३०,३६**	**१०२.९१%**
	ग्रामीण दूरसञ्चार विकास कोष तर्फ			
	ग्रामीण दूरसञ्चार विकास कोष रकम	१,९७,१९	१,६८,०५	८५.२२%
	व्याज आम्दानी	५५,०९	३१,७७	५७.६७%
	अन्य			-
	जम्मा	**२,५२,२८**	**२,६३,८१**	**१०४.५७%**

परिच्छेद - ४ कर्मचारीको विवरण

४.१. प्राधिकरणमा कार्यरत विद्यमान कर्मचारीहरूको विवरण

सि.न.	नाम थर	पद
१.	अर्जुन घिमिरे	अध्यक्ष
२.	दिपेश आचार्य	निर्देशक
३.	मिन प्रसाद अर्याल	निर्देशक
४.	विजय कुमार राय	निर्देशक
५.	सन्तोष पौडेल	निर्देशक
६.	डा. सुरेन्द्र लाल हाडा	निर्देशक
७.	रेवती राम पन्थ	उप-निर्देशक
८.	सुन्दर प्याकुरेल	उप-निर्देशक
९.	सुरेश बस्नेत	उप-निर्देशक
१०.	रोजा किरण बासुकला	उप-निर्देशक
११.	अच्युतानन्द मिश्र	उप-निर्देशक
१२.	हिरण्य प्रसाद बस्ताकोटी	उप-निर्देशक
१३.	संदिप अधिकारी	उप-निर्देशक
१४.	अन्जना देवकोटा खनाल	उप-निर्देशक
१५.	डा. प्रदिप पौड्याल	उप-निर्देशक
१६.	दिनेश मैनाली	उप-निर्देशक
